# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (कर्णाली प्रदेश)

## वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८०/८१)




**नेपाल राष्ट्र बैंक**

**सुर्खेत कार्यालय**

**२०८१ पुस**

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने नेपाल राष्ट्र बैंकको उद्देश्य रहेको छ । **नेपाल राष्ट्र बैंक ऐन, २०५८ को (दोस्रो संशोधन, २०७३ समेत) दफा १२** अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयहरुसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण सहितको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्ने गर्दछ । बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुपको बारेमा सरोकार राख्ने पक्षहरुलाई नियमितरुपमा जानकारी गराउनको लागि वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरुको संकलन एवम् विश्लेषण गर्दै आइरहेको छ ।

संघीयता कार्यान्वयन पश्चात् प्रशासनिक विभाजनको परिवर्तित स्वरुपलाई ध्यानमा राखी संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

सल्यान, कालिकोट, दैलेख र सुर्खेत जिल्लाबाट स्थलगत तथा रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, जाजरकोट र हुम्ला जिल्लाबाट गैरस्थलगत रुपमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८०/८१ को वार्षिक जिल्लागत तथ्याङ्क संकलन तथा प्रशोधन गरी विश्लेषण गरिएको छ । आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु समेत प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । बैंक तथा वित्तीय क्षेत्रको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने आर्थिक अनुसन्धान विभागलाई धन्यवाद ज्ञापन गर्दछु । प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशक श्री चिनिया लामालाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक श्री पंख प्रसाद आचार्य र सहायक श्री सरिता अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलनका क्रममा सहयोग पुऱ्याउनु हुने अन्य इकाई तथा फाँटका अधिकृत तथा कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

**बाबुराम कोइराला**
**उप-निर्देशक**
**नेपाल राष्ट्र बैंक, सुर्खेत**

# विषय सूची


परिच्छेद १ अध्ययन परिचय ९
१.१ पृष्ठभूमि ९
१.२ अध्ययनको उद्देश्य ९
१.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन ९
१.४ अध्ययन प्रतिवेदनको सीमा १०
१.५ अध्ययन प्रतिवेदनको ढाँचा ११
परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति १२
२.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा १२
२.२ अन्तरप्रदेश तुलना १३
२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती १४
परिच्छेद ३ कृषि क्षेत्र १६
३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र १६
३.२ कृषि उत्पादन १८
३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन २१
३.४ सिँचाई २२
३.५ क्षेत्रगत कृषि कर्जा २२
३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना २३
परिच्छेद ४ उद्योग क्षेत्र २६
४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी २६
४.२ क्षेत्रगत औद्योगिक कर्जा २८
४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ३०
परिच्छेद ५ सेवा क्षेत्र ३२
५.१ पर्यटन ३२
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३३
५.३ वित्तीय सेवा ३३
५.४ यातायात तथा संचार ३८
५.५ शिक्षा तथा स्वास्थ्य ३८
५.६ सेवा क्षेत्र कर्जा ३९
५.७ सहकारी क्षेत्र ४१
५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना ४१
परिच्छेद ६ पूर्वाधार र रोजगारी ४३
६.१ पूर्वाधार क्षेत्र ४३
६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति ४३

६.३ विद्युत् ४५
६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ४६
६.५ रोजगारी ४७
६.६ रोजगारीको चुनौती र सम्भावना ४९
परिच्छेद ७ प्रादेशिक कार्यक्रम तथा योजना ५०
७.१ प्रादेशिक सरकारी वित्त ५०
७.२ प्रादेशिक प्रस्तावित बजेट आर्थिक वर्ष २०८१/८२ ५०
७.३ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण ५१
परिच्छेद ८ आर्थिक परिदृष्य ५३
८.१ कृषि उत्पादन ५३
८.२ औद्योगिक उत्पादन ५३
८.३ सेवा क्षेत्र ५४
८.४ पूर्वाधार क्षेत्र ५४

# तालिका सूची


पेज नं.

तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु १३
तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र १६
तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन १८
तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था २२
तालिका ३.४: जिल्लागत कृषि कर्जा २३
तालिका ४.१: कर्णाली प्रदेशमा उद्योगको दर्ताको स्थिति २६
तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा २९
तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति ३२
तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति ३३
तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या ३३
तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या ३४
तालिका ५.५: डिजिटल भुक्तानी ग्राहकको संख्या ३५
तालिका ५.६: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था ३७
तालिका ५.७: यातायातका साधनको संख्या ३८
तालिका ५.८: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्या ३८
तालिका ५.९: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्या ३९
तालिका ५.१०: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति ३९
तालिका ५.११: जिल्लागत सेवा क्षेत्र कर्जा ४०
तालिका ६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण ४३
तालिका ६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण ४३
तालिका ६.३: कुल विद्युत उत्पादन तथा प्रसारण लाईन ४६
तालिका ६.४: वैदेशिक रोजगारीको विवरण ४७
तालिका ६.५: जिल्लागत वैदेशिक रोजगारीको विवरण ४८
तालिका ६.६: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण ४८
तालिका ७.१: समीक्षा वर्षको खर्च तथा प्राप्तिको स्थिति ५०
तालिका ७.२: आर्थिक वर्ष २०८१/८२ को बजेट स्थिति ५१
तालिका ७.३: समीक्षा वर्षमा खर्च र राजस्व प्राप्तिको स्थिति ५२

# रेखाचित्र सूची

पेज नं.


रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र १७
रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन १९
रेखाचित्र ३.३: फलफुल उत्पादन २०
रेखाचित्र ३.४: कृषि बालीको उत्पादन २१
रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था २७
रेखाचित्र ४.२: औद्योगिक उत्पादन २८
रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा २९
रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति ३५
रेखाचित्र ५.२: कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात ३६
रेखाचित्र ५.३: कुल निक्षेपको संरचना ३६
रेखाचित्र ५.४: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा, र पुनरकर्जाको विवरण ३७
रेखाचित्र ५.५: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा ४०

## कार्यकारी सारांश

सल्यान, कालिकोट, दैलेख र सुर्खेत जिल्लाका स्थलगत तथा रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, जाजरकोट र हुम्ला जिल्लाका गैरस्थलगत अध्ययनबाट तयार पारिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार छ।

### समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ भने आधारभूत मूल्यमा ३.५४ प्रतिशतले वृद्धि भएको अनुमान छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा १.९५ प्रतिशत र आधारभूत मूल्यमा २.३१ प्रतिशतले वृद्धिभएको संशोधित अनुमान रहेको छ।

२. आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ३.३९ प्रतिशत रहेकोअनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर १.९६ प्रतिशत रहको संशोधित अनुमान छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ४.२८ प्रतिशत छ।

### कृषि क्षेत्र

३. समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १.९४ प्रतिशतले वृद्धि भएको छ।

४. प्रमुख बालीमध्ये समीक्षा वर्षमा धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः ८.४८ प्रतिशत र २.१२ प्रतिशतले बढेको छ भने गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.९७ प्रतिशत, २८.१६ प्रतिशत र ३३.३० र २३.०१ प्रतिशतले घटेको छ। त्यसैगरी, तरकारी र बागबानी बालीले ढाकेको क्षेत्रफल ३६.४० प्रतिशत र ५.९८ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ६.७९ प्रतिशतले वृद्धि भएको छ।

६. खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान र गहुँको उत्पादन क्रमशः १२.०४ प्रतिशत र ०.४३ प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, जौ तथा फापरको उत्पादनमा क्रमशः ७.६१ प्रतिशत, १९.८७ प्रतिशत, १८.९८ प्रतिशत र ८.४६ प्रतिशतले कमी आएको छ।

७. समीक्षा वर्षमा यस प्रदेशमा दुध उत्पादन ७.८२ प्रतिशतले बढेको छ। त्यस्तै मासु, माछा र अण्डा उत्पादनमा क्रमशः ६.५८ प्रतिशत, ३.३४ र ०.९० प्रतिशतले वृद्धि भएको छ।

८. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको ९.१२ प्रतिशत हिस्सा ओगटेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा १.७१ प्रतिशतले घटेको छ।

### उद्योग क्षेत्र

९. समीक्षा वर्षमा यस प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.५१ प्रतिशत रहेको छ। प्लाष्टिकजन्य उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शत प्रतिशत रहेको छ भने अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योग अन्तर्गत पिठो उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम १५.० प्रतिशत रहेको छ।

१०. समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा ३.३३ प्रतिशतले वृद्धि भएको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ६.९५ प्रतिशत हिस्सा उद्योग क्षेत्रले ओगटेको छ ।

## सेवा क्षेत्र

११. समीक्षा वर्षमा यस प्रदेशमा भित्रिने पर्यटकको संख्यामा २३.४० प्रतिशतले वृद्धि भएको छ। भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या क्रमशः २३.४९ प्रतिशत, १५.७७ प्रतिशत र २४.८४ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.९३ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा वर्षमा यस प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ४७५ तथा शाखारहित बैंकिङ संख्या ३० पुगेको छ। समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ७८.५० प्रतिशत रहेको छ ।

## पूर्वाधार क्षेत्र

१३. समीक्षा वर्षमा यस प्रदेशमा विद्युत प्रसारण लाईन २४१६.४७ कि.मि पुगेको छ । समीक्षा वर्षसम्म यस प्रदेशमा १७.४१ मेगावाट विद्युत् उत्पादन भएको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्रा प्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय लगायतका विषयसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्ने गर्दछ । यस बैंकले देशको अर्थतन्त्रसँग प्रत्यक्षरुपमा सम्बन्ध राख्ने आवश्यक नीति तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्न, विभिन्न आर्थिक चरहरुसँगको अन्तर-सम्बन्ध विश्लेषण गरी नेपाल सरकारका निकायहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु तथा नेपालको समष्टिगत अर्थ-स्वरुप जान्न चाहने सरोकारवाला पक्षलाई नियमितरुपमा जानकारी गराउने उद्देश्य अनुरुप सम्बन्धित क्षेत्रको तथ्याङ्कको नियमित संकलन तथा ती तथ्याङ्कको विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा आधारित रहेको छ ।

संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरी आवश्यक सल्लाह प्रदान गर्न, आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्न नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले जारी गरेको **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (प्रथम संशोधन, २०७९ सहित)** अनुसार नेपाल राष्ट्र बैंक, सुर्खेत कार्यालयद्वारा कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरु (रुकुम पश्चिम, सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, र सुर्खेत) लाई समावेश गरी आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

समीक्षा अवधिमा प्रदेशमा भएका आर्थिक गतिविधिहरुको अध्ययन तथा विश्लेषण गरी नीति तर्जुमाका लागि सूचना एवम् तथ्याङ्कको दायरा विस्तार गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै, प्रदेश अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधारको समीक्षा अवधिको विश्लेषण गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा देखिएका सम्भावना तथा चुनौतीहरु उजागर गर्नु, संघ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेका मुख्य कार्यक्रम तथा परियोजनाहरुको प्रगतिको समीक्षा समावेश गर्नु तथा समीक्षा अवधिमा भएका आर्थिक गतिविधिहरुको आधारमा आगामी अवधिका लागि प्रक्षेपण गर्नु अन्य उद्देश्यहरु रहेका छन् ।

## १.३ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

कर्णाली प्रदेशका १० वटै जिल्लाहरुबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण गरी तयार पारिएको यो प्रतिवेदनमा उक्त क्षेत्रहरुको प्रगति विवरण, सम्भावना तथा चुनौती एवम् भावी योजनाबद्ध कार्यका लागि मार्गदर्शन समेत समाविष्ट गरिएको छ ।

यस प्रदेशका जिल्लाहरुमा रहेका विभिन्न सरकारी कार्यालय, निर्देशनालय एवम् सम्बन्धित परियोजना तथा उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको यो प्रतिवेदनले जिल्लागत तथा प्रदेशको समग्र अवस्थालाई

प्रस्तुत गरेको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषयविज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य चित्रण गरिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा तथा प्रदेशगत तुलनात्मक स्थितिको विश्लेषणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कलाई आधार मानिएको छ । त्यस्तै, समग्र कृषि क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशका दश वटै जिल्ला स्थित कृषि विकास कार्यालयहरु, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लगायतका निकायहरुबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

कर्णाली प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुको तथ्याङ्क उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट लिइएको छ भने औद्योगिक क्षेत्रको क्षमता, उद्योगहरुको उत्पादनको अवस्था र यस क्षेत्रले सिर्जना गरेको रोजगारी लगायतका विषयको विश्लेषणका लागि नमुना छनौटमा परेका उद्योगहरुबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा, संकलित निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट लिईएको छ । रियलस्टेट तर्फ, घरजग्गा रजिष्ट्रेशन संख्या र राजस्व रकम भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट लिईएको छ । घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क जिल्लास्थित नगरपालिकाहरुबाट संकलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विश्लेषणका लागि यस प्रदेशमा रहेका १० प्रमुख पर्यटकस्तरीय होटलहरुबाट तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रको विश्लेषणका लागि कर्णाली प्रदेशमा रहेका १० सहकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ ।

पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, विद्युत् प्राधिकरण, सडक डिभिजन कार्यालय तथा सम्बन्धित आयोजनाबाट लिइएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको सीमा

- देशले संघीय शासन व्यवस्था अंगिकार गरे पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको नीतिगत तथा कार्यगत भूमिका परिवर्तन भएको छ । संघीयतासँगै, सम्बन्धित निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्कहरुलाई सु-व्यवस्थित गर्ने कार्य अझै पूर्ण भई नसकेको हुँदा विशेष गरी कृषि, शिक्षा, स्वास्थ्य र सडक जस्ता पूर्वाधारको विवरणमा समयगत तथा निकायगत एकरुपता कायम हुन सकेको छैन । कतिपय तथ्याङ्क प्रदायक निकायहरुले नियमित रुपमा तथ्याङ्क संकलन नगर्ने तथा तथ्याङ्कको माग भईआएको अवस्थामा मात्र संकलन गरी प्रदान गर्ने गरेको कारण अघिल्लो अवधिका केही तथ्याङ्कमा एकरुपता हुन सकेको छैन ।
- सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कमा होटलमा आएका पर्यटकहरुको व्यवस्थित अभिलेख राख्ने अभ्यास नभएको हुँदा कर्णाली प्रदेशस्थित १० नमुना होटलहरुबाट मात्र तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ ।
- कृषि क्षेत्रको तथ्याङ्क संकलन तथा विश्लेषण गर्दा वार्षिक ढाँचामा तथ्याङ्क संकलन गरिएको र केहि कृषिजन्य उत्पादनहरु मौसमी खालको हुने भएकोले तथ्याङ्क संकलनको समयमा सो तथ्याङ्क उपलब्ध हुन नसक्ने समेत देखिन्छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ८ वटा परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी र परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

# प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.५७ खर्ब ४ अर्ब ८४ करोड पुग्ने प्रारम्भिक अनुमान गरेको छ । गत आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.५३ खर्ब ४८ अर्ब ५३ करोड पुग्ने संशोधित अनुमान गरेको छ भने आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.४९ खर्ब ७६ अर्ब ५५ करोड पुग्ने अन्तिम विवरण सार्वजनिक गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०९ प्रतिशत, १३.० प्रतिशत र ६२.९० प्रतिशत रहने प्रारम्भिक अनुमान छ (तालिका २.१) । कुल गार्हस्थ्य उत्पादनमा कृषि र सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा बढेको देखिन्छ भने उद्योग क्षेत्रको योगदान सिमान्त रुपमा घटेको देखिन्छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कर्णाली प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु.२ खर्ब ४३ अर्ब ९९ करोड पुग्ने प्रारम्भिक अनुमान छ भने गत आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान रु.२ खर्ब २९ अर्ब १४ करोड रहेको छ। यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ३.३९ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर १.९६ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। कर्णाली प्रदेशमा क्षेत्रगत रुपमा हेर्दा आ.व. २०८०/८१ का लागि कुल मूल्य अभिवृद्धिदर सबैभन्दा बढी आवास तथा भोजन सेवा क्षेत्रको २२.५२ प्रतिशतले वृद्धि हुने अनुमान र सबैभन्दा कम निर्माण क्षेत्रको १.०२ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.५१ प्रतिशत, ९.७० प्रतिशत र ६०.७९ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको (२९.५१ प्रतिशत) तथा सबैभन्दा कम योगदान प्रशासनिक तथा सहयोग सेवा क्षेत्रको (०.१७ प्रतिशत) रहेको छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाको हिस्सा ५.४९ प्रतिशत, वित्तीय तथा बीमा क्रियाकलापको हिस्सा १.७९ प्रतिशत, सूचना तथा सञ्चारको हिस्सा १.२९ प्रतिशत, यातायात तथा भण्डारणको हिस्सा २.६९ प्रतिशत, आवास तथा भोजन सेवाको हिस्सा ३.१८ प्रतिशत तथा उत्पादनमुलक उद्योगको हिस्सा ०.९९ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.२८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०७९/८० मा पनि यस्तो योगदान ४.२८ प्रतिशत नै रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा देशको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको हिस्सा क्रमशः ५.२४ प्रतिशत, ३.१९ प्रतिशत र ४.१३ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०८०/०८१ मा देशको अर्थतन्त्रको आकार रु.५७ खर्ब ४ अर्ब रहने अनुमान रहेकोमा प्रदेशगत रुपमा तुलना गर्दा सबैभन्दा बढी बागमती प्रदेशको अर्थतन्त्रको आकार रु.२० खर्ब ७४ अर्ब र सबैभन्दा कम कर्णाली प्रदेशको अर्थतन्त्रको आकार रु.२ खर्ब ४३ अर्ब हुने प्रारम्भिक अनुमान छ । यसैगरी, राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा देशको कुल गार्हस्थ्य उत्पादन रु.५७ खर्ब ४ अर्बमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.३६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रुपमा बढ्ने अनुमान छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८०/८१)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) *(रु.खर्ब)* | ९.०३ | ७.४८ | २०.७४ | ५.१६ | ८.१४ | २.४३ | ४.०४ | ५७.०४ |
| कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत हिस्सा *(प्रतिशत)* | १५.८३ | १३.१२ | ३६.३६ | ९.०५ | १४.२७ | ४.२८ | ७.०९ | १००.० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) *(प्रतिशत)* | ३.५१ | ३.७८ | ३.९६ | ४.५५ | ४.०५ | ३.३९ | ३.४१ | ३.८७ |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान *(प्रतिशत)*** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.८० | ३५.१९ | ११.३५ | २५.७२ | २९.६३ | २९.५१ | ३३.० | २४.०९ |
| उद्योग क्षेत्र | १६.३२ | १०.८८ | ११.२४ | १७.४४ | १४.११ | ९.७० | १२.६८ | १३.० |
| सेवा क्षेत्र | ५०.८८ | ५३.९४ | ७७.४२ | ५६.८६ | ५६.२६ | ६०.७९ | ५४.३१ | ६२.९० |
| **कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत योगदानमा प्रदेशगत हिस्सा *(प्रतिशत)*** | | | | | | | | |
| कृषि क्षेत्र | २१.५६ | १९.१६ | १७.५२ | ९.६८ | १७.५४ | ५.२४ | ९.७१ | १००.० |
| उद्योग क्षेत्र | १९.८८ | १०.९७ | ३१.४१ | १२.१५ | १५.४८ | ३.१९ | ६.९१ | १००.० |
| सेवा क्षेत्र | १२.८१ | ११.२५ | ४४.७५ | ८.१९ | १२.७५ | ४.१३ | ६.१२ | १००.० |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | १,३३६ | ८९२ | २४८४ | १५५७ | ११५९ | १०६६ | ११११ | १४३४ |
| कुल जनसंख्यामा प्रदेशगत हिस्सा *(प्रतिशत)* | १७.०१ | २०.९७ | २०.९७ | ८.४६ | १७.५६ | ५.७९ | ९.२४ | १००.० |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

आर्थिक वर्ष २०८०/८१ मा समष्टिगत आर्थिक वृद्धि (उत्पादकको मूल्यमा) ३.८७ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर तुलना गर्दा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.५५ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.३९ प्रतिशत रहने अनुमान छ (तालिका २.१) ।
आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनको कृषि क्षेत्रको योगदानमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.५६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२४ प्रतिशत रहेको छ । उद्योग क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.४१ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१९ प्रतिशत रहेको छ । यसैगरी, सेवा क्षेत्रको योगदानमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४४.७५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा प्रदेशगत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन बागमती प्रदेशमा सबैभन्दा बढी अमेरिकी डलर २,४८४ रहेको छ भने सबैभन्दा कम मधेश प्रदेशमा अमेरिकी डलर ८९२ रहेको छ। आर्थिक वर्ष २०८०/०८१ मा कर्णाली प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,०६६ रहेको छ भने समग्रमा नेपालको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,४३४ रहेको छ ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

समीक्षा वर्षमा पहिचान भएका क्षमता र सम्भावना देहाय बमोजिम रहेका छन् ।

- डोल्पा, जुम्ला, मुगु, हुम्ला र कालिकोट जिल्लाको भौगोलिक अवस्था र हावापानी स्याउ खेतीको लागि उपयुक्त रहेकोले व्यावसायिक रुपमा स्याउ खेती गर्न सकिने सम्भावना रहेको छ ।
- सल्यान, दैलेख र जाजरकोट जिल्लाको भौगोलिक अवस्था र हावापानी सुन्तला, अदुवा तथा खुर्सानी खेतीको लागि उपयुक्त रहेकोले व्यावसायिक रुपमा सुन्तला, अदुवा तथा खुर्सानी खेती गर्न सकिने सम्भावना रहेको छ ।
- डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट र सुर्खेतमा व्यावसायिक रुपमा क्रमशः ओखर तथा तरकारीको बिउ, सिमि तथा आलु, सिमि तथा आलु, सिमि तथा ओखर, सिमि तथा ओखर, मौरी तथा भटमास र मौरी, मकै तथा तरकारी खेती गर्न सकिने सम्भावना रहेको छ ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदा तथा स्थानीय भाषा, कला, संस्कृति, सभ्यता र ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरी कर्णाली प्रदेशलाई भाषा, कला, संस्कृतिको अनुपम प्रदेशको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा रहेका कटकुवा, लादे, गोठिकाँडा तथा सिद्धपाईला क्षेत्रलाई हिलस्टेशनको रुपमा विकास तथा सो आसपासको क्षेत्रलाई हाइकिङ्ग तथा पदमार्गको रुपमा प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।
- ऐतिहासिक युद्धस्थल कालीकोटको पिली र रुकुमको खारामा युद्ध सङ्ग्रहालय निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्न सकिने सम्भावना रहेको छ ।
- डोल्पा जिल्लाको डोल्पोबुद्ध बस्ती, धो र रिग्मोलाई बौद्धसंस्कृति, कला र सभ्यता तथा हुम्लाको लिमिलाई कैलाश मानसरोबर दर्शनद्वार, जुम्लाको सिंजालाई खस सभ्यताको उद्‌गमस्थल र रुकुमको गोतमकोटलाई पर्यटकीय नगरको रुपमा विकास गर्न सक्ने सम्भावना रहेको छ ।
- हिमाल, पहाड र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकोले विविधताको हिसाबले अन्य प्रदेशहरुभन्दा अर्गानिक कृषि, पर्यटन, जलविद्युत् र जडिबुटीमा तुलनात्मक लाभ रहेको छ ।
- प्रादेशिक बजेटमा उल्लिखित प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ ।

- जडिबुटीको उत्पादन, संकलन, भण्डारण, प्रशोधन तथा बजारीकरणबाट रोजगारी तथा आयआर्जन अभिवृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौती

समीक्षा वर्षमा पहिचान भएका चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

- आर्थिक शिथिलता, नागरिकहरुको न्यून आय, उद्योगहरुको कमजोर क्षमताका कारण स्थानिय र प्रदेश सरकारलाई राजस्व संकलन गर्न ।
- स्याउ, सुन्तला र ओखर उत्पादन गर्ने बोट विभिन्न रोगका कारणले नासिदै गएकाले त्यस्ता बगैंचाहरुको व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सर्वसाधारण व्यक्तिसम्म पुऱ्याउनु ।
- कर्णाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।
- हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नुका साथै, प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु ।
- डोल्पा, जुम्ला, मुगु, हुम्ला र कालिकोट जिल्लामा व्यावसायिक रुपमा स्याउ खेति गर्न सकिने सम्भावना रहेको भएतापनि उपयुक्त बाटोघाटो नहुँदा उत्पादित स्याउको लागि बजारको सुनिश्चितता गर्नु ।
- कर्णालीको भौगोलिक विकटता तथा न्यून भौतिक पूर्वाधारका कारणले पहाडी तथा हिमाली जिल्लाहरुमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा पुऱ्याउनु ।
- प्रदेश सरकार र स्थानियतहको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्न ।
- प्रदेशभित्र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु ।
- परम्परागत खेतीमा आधारित निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक, वैज्ञानिक र रोजगारीयुक्त व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।
- अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकास गर्नु ।
- बहुमूल्य जडीबुटीहरुको प्रदेशमै प्रशोधन गरी प्रदेशबाटै अन्तिम वस्तुको उत्पादन तथा बिक्री वितरण गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल १.९४ प्रतिशतले वृद्धि भई ३,२७,०९० हेक्टर कायम भएको छ । गत वर्ष यस्तो क्षेत्रफलमा ६.९१ प्रतिशतले कमी आएको थियो (तालिका ३.१) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**

(जिल्लागत)


| | क्षेत्रफल(हेक्टर) | | | | | हिस्सा(प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल | मसला | कफि | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल उत्पादन |
| सुर्खेत | ६१,५०७.० | ७,४३१.० | १,७७५.० | ९६९.० | - | २१.९५ | ३०.९५ | १०.२६ |
| दैलेख | ४८,१८५.० | २,९१२.० | १,६३८.० | ६९९.० | - | १७.१९ | १२.१३ | ९.४७ |
| जुम्ला | १९,८४९.० | ७००.० | ५,५००.० | ३६.० | - | ७.०८ | २.९२ | ३१.७९ |
| रुकुम पश्चिम | २४,६४५.० | १,६४७.० | १७४.० | ५०१.० | - | ८.७९ | ६.८६ | १.०१ |
| हुम्ला | ६,३७३.० | ४१९.० | २,८८५.० | ५२.० | - | २.२७ | १.७५ | १६.६७ |
| जाजरकोट | ३०,५०२.० | १,०७३.० | ४४०.० | २९०.० | १.२५ | १०.८८ | ४.४७ | २.५४ |
| कालिकोट | २०,१२३.० | १,०५७.० | १,३६०.० | ३०९.० | - | ७.१८ | ४.४० | ७.८६ |
| डोल्पा | ७,८९५.० | २६७.० | ६२४.० | १२१.० | - | २.८२ | १.११ | ३.६१ |
| मुगु | ११,०५८.० | ३२०.० | ८२७.० | ३६१.० | - | ३.९५ | १.३३ | ४.७८ |
| सल्यान | ५०,११४.० | ८,१८०.० | २,०७९.० | २,१९०.० | १.० | १७.८८ | ३४.०७ | १२.०२ |
| **जम्मा** | २,८०,२५१.० | २४,००६.० | १७,३०२.० | ५,५२८.० | २.२५ | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

### क) खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.५७ प्रतिशतले वृद्धि भई २,८०,२५१ हेक्टर पुगेको छ (तालिका ३.१) । गत वर्ष उक्त क्षेत्रफल ६.८९ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमश: ८.४८ प्रतिशत र २.१२ प्रतिशतले वृद्धि भई ४१,९०४ हेक्टर र ८७,२१३ हेक्टर पुगेको छ (रेखाचित्र ३.१) । गत वर्ष धान बालीले ढाकेको क्षेत्रफल १.१८ प्रतिशतले घटेको थियो भने मकै बालीले ढाकेको क्षेत्रफल ५.५८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा गहुँ, कोदो, जौं र फापर बालीले ढाकेको क्षेत्रफलमा भने क्रमश: ०.९७ प्रतिशत, २८.१६ प्रतिशत, ३३.३० प्रतिशत र २३.०१ प्रतिशतले कमी आएको छ। त्यसैगरी, गत वर्ष गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमश: ०.५२ प्रतिशत, १७.५७ प्रतिशत, १.८० प्रतिशत र ४६.५८ प्रतिशतले वृद्धि भएको थियो ।

**रेखाचित्र ३.१: प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र**
(हजार हेक्टर)




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

यस्तै, समीक्षा वर्षमा भटमास बालीले ढाकेको क्षेत्रफलमा २.७५ प्रतिशतले ह्रास आई ४,६३४ हेक्टर कायम भएको छ। गत वर्ष भटमास बालीले ढाकेको क्षेत्रफल ०.९१ प्रतिशतले वृद्धि भएको थियो। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये खाद्य तथा अन्य बाली क्षेत्रमा सुर्खेत जिल्लाले सबैभन्दा धेरै २१.९५ प्रतिशत र हुम्ला जिल्लाले सबैभन्दा कम २.२७ प्रतिशत हिस्सा ओगटेको छ (तालिका ३.१)। समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले समष्टिगत कृषि क्षेत्रको ८५.६८ प्रतिशत हिस्सा ओगटेको छ।

## ख) तरकारी तथा बागवानी

समीक्षा वर्षमा तरकारी र बागवानी बालीले ढाकेको क्षेत्रफल क्रमश: ३६.४० प्रतिशत र ५.९८ प्रतिशतले वृद्धि भई क्रमश: १८,९१९ हेक्टर र ५,०८७ हेक्टर पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल २८.५८ प्रतिशतले वृद्धि भई २४,००६ हेक्टर कायम भएको छ (तालिका ३.१)। कर्णाली प्रदेशमा रहेका १० जिल्लाहरुमध्ये तरकारी र बागवानी क्षेत्रमा सल्यान जिल्लाले सबैभन्दा धेरै ३४.०७ प्रतिशत र डोल्पा जिल्लाले सबैभन्दा कम १.११ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी, सुर्खेत, दैलेख, रुकुम पश्चिम, जाजरकोट कालिकोट, जुम्ला, हुम्ला, मुगु र डोल्पा जिल्लाले क्रमश: ३०.९५ प्रतिशत, १२.१३ प्रतिशत, ६.८६ प्रतिशत, ४.४७ प्रतिशत, ४.४० प्रतिशत, २.९२ प्रतिशत, १.७५ प्रतिशत, १.३३ प्रतिशत र १.११ प्रतिशत हिस्सा ओगटेको छ (तालिका ३.१)। समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ७.३४ प्रतिशत हिस्सा ओगटेको छ।

## ग) फलफूल तथा मसला

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म कर्णाली प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफलमा १.६५ प्रतिशतले ह्रास आई १७,३०२ हेक्टर कायम भएको छ (तालिका ३.१)। गत वर्ष यस्तो क्षेत्रफल ४.३७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा प्रमुख फलफुलको रुपमा रहेका स्याउ र अन्य फलफुलले ढाकेको क्षेत्रफल क्रमश:

३.७३ प्रतिशत र १८.८१ प्रतिशतले वृद्धि भएको छ भने केरा, आँप र सुन्तलाले ढाकेको क्षेत्रफलमा क्रमशः २९.३२ प्रतिशत र १८.४० प्रतिशत र १६.३२ प्रतिशतले ह्रास आएको छ। गत वर्ष स्याउले ढाकेको क्षेत्रफल ७.३७ प्रतिशतले ढाकेको थियो भने आँप, केरा, अन्य फलफूल र सुन्तलाले ढाकेको क्षेत्रफल क्रमशः ८८.७३ प्रतिशत, २०.१६ प्रतिशत, ६.८९ प्रतिशत र ५.९० प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष आँप, केरा, अन्य फलफूल र सुन्तलाले ढाकेको क्षेत्रफल बढ्नुका मुख्य कारणका रुपमा स्थानीय तह मार्फत क्षेत्रफल विस्तारका लागि नीति तथा कार्यक्रम लागु हुनु, फलफुल खेतीमा लगानी अभिवृद्धि हुनु, फलफुल खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नका लागि स्थानीय तह मार्फत विभिन्न किसिमका प्रोत्साहन कार्यक्रमहरु सञ्चालन हुनु, सडक विस्तार हनु, बजारीकरण हुनु र सहज बजार पहुँच जस्ता कारणहरु लिन सकिन्छ। त्यस्तै, समीक्षा वर्षमा लसुन, प्याज, अदुवा, अलैंची तथा बेसार जस्ता प्रमुख मसला बालीले ढाकेको क्षेत्रफलमा ६.६४ प्रतिशतले ह्रास आई ५,५२८ हेक्टर कायम भएको छ भने गत वर्षमा प्रमुख मसला बालीले ढाकेको क्षेक्रफलमा ४१.०६ प्रतिशतले कमी आएको थियो। जुम्ला जिल्लाले कर्णाली प्रदेशको कुल फलफुल बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ३१.७९ प्रतिशत क्षेत्रफल ओगटेको छ भने रुकुम पश्चिम जिल्लाले सबैभन्दा कम १.०१ प्रतिशत भू-भाग ओगटेको छ (तालिका ३.१) । समीक्षा वर्षमा फलफूल बालीले समष्टिगत कृषि बालीले ढाकेको कुल क्षेत्रफलको ५.२९ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी, सल्यान जिल्लाले कर्णाली प्रदेशको कुल मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी ३९.६२ प्रतिशत क्षेत्रफल ओगटेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रमुख कृषि बालीको उत्पादन ६.७९ प्रतिशतले वृद्धि भई १२,५२,६५४ मेट्रिक टन पुगेको छ। गत वर्ष यस्तो उत्पादन १२.९१ प्रतिशतले वृद्धि भएको थियो। (तालिका ३.२)।

### तालिका ३.२: प्रमुख कृषि बालीको उत्पादन

**(जिल्लागत)**

| | उत्पादन (मेट्रिक टन) | | | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल | मसला | कफि | मह | खाद्य तथा अन्य बाली | तरकारी तथा वागवानी | फलफुल | मसला |
| सुर्खेत | २,०२,९८१.८० | ७६,१२०.० | २,८८३.० | १२,३१६.० | - | २०६.० | २४.३५ | २५.७३ | ४.७७ | १९.७० |
| दैलेख | १,५६,३२७.५० | २७,२४५.० | १०,१२२.० | ७,८३७.० | - | १७.० | १८.७६ | ९.२१ | १६.७४ | १२.५३ |
| जुम्ला | २९,२३९.०० | १,१६६.० | १५,०००.० | २९.० | - | ६.० | ३.५१ | ०.३९ | २४.८० | ०.०५ |
| रुकुम पश्चिम | ७१,२९७.८० | २०,०२२.० | १,८६२.० | ७,२२२.० | - | ५.० | ८.५५ | ६.७७ | ३.०८ | ११.५५ |
| हुम्ला | १४,९६७.२७ | ३,४८०.० | ४,००१.० | १८३.० | - | ० | १.८० | १.१८ | ६.६२ | ०.२९ |
| जाजरकोट | ९४,२८४.८५ | १०,३००.० | ३,२४९.० | १,३९७.१० | ०.२५ | १५९.६ | ११.३१ | ३.४८ | ५.३७ | २.२३ |
| कालिकोट | ३८,०६७.५० | २२,८०३.० | ८,६५४.० | ३.१७२.८० | १.० | ११.० | ४.५७ | ७.७१ | १४.३१ | ५.०७ |
| डोल्पा | १२,३६०.२८ | २,६०६.० | २,८८१.० | ९३५.० | - | ० | १.४८ | ०.८८ | ४.७६ | १.५० |
| मुगु | २८,५५१.५४ | १,४०८.० | १,८४६.० | २.० | - | २.० | ३.४३ | ०.४८ | ३.०५ | ०.०० |
| सल्यान | १,८५,३६६.०० | १,३०,६३५.० | ९,९८१.० | २९,४३३.० | ०.३ | ११.५ | २२.२४ | ४४.१७ | १६.५० | ४७.०७ |
| **जम्मा** | ८,३३,४४३.५४ | २९,५७८५.० | ६०,४७९.० | ६२,५२६.९० | १.५५ | ४१८.१० | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*


### क) खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा कर्णाली प्रदेशको खाद्य तथा अन्य बालीको उत्पादनमा ०.२० प्रतिशतले ह्रास आई ८,३३,४४३ मेट्रिक टन कायम भएको छ (तालिका ३.२) । गत वर्ष यस्तो उत्पादन ११.०० प्रतिशतले वृद्धि भएको थियो।

समीक्षा वर्षमा प्रमुख कृषि बालीमध्ये धान बालीको उत्पादन १२.०४ प्रतिशतले वृद्धि भई १,४५,०६३ मेट्रिक टन पुगेको छ (रेखाचित्र ३.२) । गत वर्ष यस्तो उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, गत वर्ष ९.२१ प्रतिशतले वृद्धि भएको मकै उत्पादन समीक्षा वर्षमा ७.६१ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा गहुँ उत्पादन गत अवधिको तुलनामा ०.४३ प्रतिशतले वृद्धि भई १,८८,३२४ मेट्रिक टन पुगेको छ। कोदो, जौ र फापरको उत्पादनमा क्रमशः १९.८७ प्रतिशत, १८.९८ प्रतिशत र ८.४६ प्रतिशतले ह्रास आई क्रमशः २५,५४७ मेट्रिक टन, १०,७७८ मेट्रिक टन र ३,७८३ मेट्रिक टन कायम भएको छ। गत वर्ष यी तीन बालीहरुको उत्पादन क्रमशः ४५.९४ प्रतिशत, ४५.४९ प्रतिशत र १९.७७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा आलुको उत्पादनमा ३.५४ प्रतिशतले वृद्धि भई १,७२,०६३ मेट्रिक टन कायम भएको छ भने गत वर्षमा आलु उत्पादन १३.९९ प्रतिशतले वृद्धि भएको थियो। गत वर्ष २.३६ प्रतिशतले वृद्धि भएको उखुको उत्पादन समीक्षा वर्षमा ७.५६ प्रतिशतले घटेर २८१ मेट्रिक टन कायम भएको छ। गत वर्ष ५.७५ प्रतिशतले ह्रास आएको भटमास उत्पादन समीक्षा वर्षमा समेत ७.२५ प्रतिशतले ह्रास आई ५,६०७ मेट्रिक टन कायम भएको छ।

### रेखाचित्र ३.२: खाद्य तथा अन्य बालीको उत्पादन

**(हजार मेट्रिक टन)**




*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

त्यस्तै, गत वर्ष १.२३ प्रतिशतले वृद्धि भएको तेलहन उत्पादन समीक्षा वर्षमा ७७.२५ प्रतिशतले वृद्धि भई १६,५१४ मेट्रिक टन पुगेको छ। त्यस्तै, समीक्षा वर्षमा कर्णाली प्रदेशमा दलहन उत्पादनमा ७.२४ प्रतिशतले कमी आई १६,३७९ मेट्रिक टन कायम भएको छ भने गत वर्षमा यस्तो उत्पादन २.७७ प्रतिशतले घटेको थियो।


## ख) तरकारी तथा बागवानी

समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी तथा बागवानी उत्पादन ४२.७७ प्रतिशतले वृद्धि भई २,९५,७८५ मेट्रिक टन कायम भएको छ (तालिका ३.२) । गत वर्ष यस्तो उत्पादन २२.२४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा तरकारी र बागबानी उत्पादनमा क्रमशः ५०.१ प्रतिशत र १.२० प्रतिशतले वृद्धि भई क्रमशः २,६४,०१८ मेट्रिक टन र ३१,७६७ मेट्रिक टन पुगेको छ।

### ग) फलफूल तथा मसला

समीक्षा वर्षमा कर्णाली प्रदेशभित्र फलफूल उत्पादन ०.६६ प्रतिशतले वृद्धि भई ६०,४७९ मेट्रिक टन कायम भएको छ (तालिका ३.२)। गत वर्ष उक्त उत्पादन २२.५७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा प्रमुख फलफूलमध्ये सुन्तला, केरा र स्याउ उत्पादन क्रमशः ११.१७ प्रतिशत, ५.०७ प्रतिशत र २.८६ प्रतिशतले वृद्धि भई क्रमशः २१,८७८ मेट्रिक टन, २,३८२ मेट्रिक टन र ३१,४६५ मेट्रिक टन पुगेको छ (रेखाचित्र ३.३)। गत वर्ष सुन्तला, केरा र स्याउ उत्पादन क्रमशः १०.३० प्रतिशत, ८.११ प्रतिशत र ६१.२३ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी, गत वर्ष २५.३३ प्रतिशतले ह्रास आएको आँप उत्पादन समीक्षा वर्षमा ३७.०१ प्रतिशतले ह्रास आई ४,७५४ मेट्रिक टन कायम भएको छ।

**रेखाचित्र ३.३: फलफुल उत्पादन**
**(हजार मेट्रिक टन)**




*स्रोतः कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*


समीक्षा वर्षमा लसुन, प्याज, अदुवा, अलैंची, बेसार लगायतका प्रमुख मसला बालीको उत्पादनमा ११.७३ प्रतिशतले ह्रास आई ६२,५२६ मेट्रिक टन कायम भएको छ। गत वर्ष यस्तो उत्पादन ३.९५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्ष कर्णाली प्रदेशमा मह उत्पादन उल्लेख्य रुपमा वृद्धि भई ४१८ मेट्रिक टन पुगेको छ (तालिका ३.२)। गत वर्षमा यस्तो उत्पादन ४८.०१ प्रतिशतले घटेको थियो।

### घ) कृषि बालीको उत्पादनमा क्षेत्रगत हिस्सा

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनले कर्णाली प्रदेशको कुल कृषि उत्पादनको करिव ६६.५३ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी, तरकारी तथा वागवानी, फलफूल, मसला बाली र मह उत्पादनको हिस्सा क्रमशः २३.६१ प्रतिशत, ४.८३ प्रतिशत, ४.९९ प्रतिशत र ०.०३ प्रतिशत रहेको छ (रेखाचित्र ३.४)। समीक्षा वर्षमा यस प्रदेशको कुल खाद्य तथा अन्य बाली उत्पादनको सबैभन्दा बढी २४.३५ प्रतिशत हिस्सा सुर्खेत जिल्लाको रहेको छ भने सबैभन्दा कम १.४८ प्रतिशत हिस्सा डोल्पा जिल्लाको रहेको छ (तालिका ३.२)। त्यसैगरी, यस प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको सबैभन्दा बढी हिस्सा सल्यान जिल्लाको ४४.१७ प्रतिशत रहेको छ भने जुम्ला

जिल्लाको सबैभन्दा न्यून ०.३९ प्रतिशत हिस्सा रहेको छ। त्यस्तै, फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा २४.८० प्रतिशत जुम्ला जिल्लाको रहेको छ भने सबैभन्दा कम ३.०५ प्रतिशत मुगु जिल्लाको रहेको छ । मसला बालीको उत्पादनमा सबैभन्दा बढी हिस्सा सल्यान जिल्लाको ४७.०७ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा ०.०५ प्रतिशत जुम्ला जिल्लाको रहेको छ । खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा धेरै २९.८५ प्रतिशत हिस्सा मकै उत्पादनको रहेको छ भने सबैभन्दा कम ०.०३ प्रतिशत हिस्सा उखु उत्पादनको रहेको छ। त्यस्तै, गहुँ, आलु, धान र कोदो उत्पादनको हिस्सा क्रमशः २२.६० प्रतिशत, २०.६४ प्रतिशत, १७.४१ प्रतिशत र ३.१९ प्रतिशत रहेको छ ।

**रेखाचित्र ३.४: कृषि बालीको उत्पादन**
**(प्रतिशत)**




*स्रोत: कृषि विकास निर्देशनालय र जिल्लास्थित कृषि विकास कार्यालयहरु*

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### क) पशुपंछी तथा माछा उत्पादन

कर्णाली प्रदेशमा समीक्षा वर्षमा दुध उत्पादन ७.८२ प्रतिशतले वृद्धि भई ७४,६०८ हजार लिटर पुगेको छ। गत वर्ष यो उत्पादन ८.४१ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, मासु उत्पादन आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म ६.५८ प्रतिशतले वृद्धि भई ३५,५६८ मेट्रिक टन पुगेको छ। यो उत्पादन गत वर्ष २०.०७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कर्णाली प्रदेशमा अण्डा उत्पादन ०.९० प्रतिशतले वृद्धि भई २९,०४८ हजार गोटा पुगेको छ भने गत वर्ष यो उत्पादन १०.९६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा माछा उत्पादन ३.३४ प्रतिशतले वृद्धि भई ४७० मेट्रिक टन पुगेको छ । माछापालन सम्बन्धी सरकारी निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारी कार्यान्वयन हुनु साथ-साथै कृषकहरुलाई माछापालन सम्बन्धी आवश्यक सीप, तालिम कार्यक्रमहरु सञ्चालन हुनु जस्ता कारणहरुले माछा उत्पादनमा सकारात्मक परिवर्तन आएको अनुमान गर्न सकिन्छ ।

### ख) वनजन्य उत्पादन

समीक्षा वर्षमा कर्णाली प्रदेशमा काठ उत्पादन २६.५८ प्रतिशतले वृद्धि भई १,९७,३५८ क्यूबिक फिट पुगेको छ। त्यसैगरी, दाउराको उत्पादनमा १४.५२ प्रतिशतले वृद्धि भई १८९ चट्टा कायम भएको छ। गत वर्ष काठ र दाउरा उत्पादनमा क्रमशः २९.६८ प्रतिशत र ५.४४ प्रतिशतले ह्रास आएको थियो। यसैगरी, आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म औषधीजन्य वस्तुहरुको उत्पादन ३०.३७ प्रतिशतले वृद्धि भई ५७,१४१ मेट्रिक टन पुगेको छ। गत वर्ष यस्तो उत्पादन १५.० प्रतिशतले वृद्धि भएको थियो। जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना निर्माण कार्य सम्पन्न भईसकेको र नेपाल सरकारद्वारा केही वन पैदावार संकलन खुला गरिएकोले वनजन्य उत्पादनमा वृद्धि हुन गएको अनुमान गर्न सकिन्छ।

## ३.४ सिँचाई

समीक्षा वर्षमा यस प्रदेशमा रहेको कुल कृषि बालीले ढाकेको क्षेत्रफल ३,२७,०९० हेक्टरमध्ये ६०,५६७ हेक्टर क्षेत्रफलमा मात्र सिँचाई सुविधा पुगेको छ। गत वर्षको तुलनामा समीक्षा वर्षमा सिञ्चित क्षेत्रफल ०.९९ प्रतिशतले वृद्धि भएको छ। समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल सबैभन्दा बढी ४८,३२२ हेक्टर रहेको छ भने सबैभन्दा कम २ हेक्टर क्षेत्रफल बोरिङ्गद्वारा सिञ्चित रहेको छ। समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल ०.३९ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल १.९५ प्रतिशतले बढेको थियो। त्यसैगरी, नहरद्वारा सिञ्चित क्षेत्रफल समीक्षा वर्षमा करिव १.८५ प्रतिशतले वृद्धि भई १०,४६९ हेक्टर पुगेको छ।

**तालिका ३.३: कर्णाली प्रदेशमा सिँचाईको अवस्था**

(हेक्टर)

| सिँचाई/आ.व | २०७८/७९ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
|---|---|---|---|
| कुलो | ४७२१४.० | ४८१३५.० | ४८३२२.५० |
| नहर | ९७६९.० | १०२७९.० | १०४६९.० |
| पोखरी | १०२३.२६ | ११५०.५८ | १३०४.५८ |
| बोरिङ्ग | २.० | २.० | २.० |
| थोपा | ४१६.० | २०७.० | २०७.५० |
| अन्य | १४७.० | १९७.० | २६१.० |
| **जम्मा** | **५८५७१.२६** | **५९९७०.५८** | **६०५६६.५८** |

*स्रोत: खानेपानी, सिँचाई तथा ऊर्जा विकास निर्देशनालय र जिल्ला स्थित कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा वर्षसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जामा गत वर्षको तुलनामा १.७१ प्रतिशतले कमी आई रु.५ अर्ब ४० करोड ८ लाख कायम भएको छ (तालिका ३.४)। यस प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै रु.२ अर्ब ३ करोड ६५ लाख सुर्खेत जिल्लामा प्रवाहित भएको छ भने सबैभन्दा कम रु.१४ करोड ९४ लाख मुगु जिल्लामा प्रवाहित भएको देखिन्छ।

### तालिका ३.४: जिल्लागत कृषि कर्जा

(रु.दश लाख)

| जिल्ला/आ.व | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ९२.०३ | १३५.५९ | १९१.५८ | ४७.३३ | ४१.२९ |
| मुगु | ९६.९२ | १२८.९९ | १४९.४५ | ३३.०९ | १५.८६ |
| हुम्ला | २०३.९० | २१८.५६ | २७१.९४ | ७.१९ | २४.४३ |
| जुम्ला | ५१८.३३ | ५०२.३५ | ५५१.७२ | - ३.०८ | ९.८३ |
| कालीकोट | ११७.६० | १५१.६३ | १५९.३८ | २८.९४ | ५.११ |
| दैलेख | ३१३.९२ | ३६०.९९ | ३८२.५९ | १४.९९ | ५.९९ |
| जाजरकोट | २९९.०४ | ३३२.७७ | ३८५.५५ | ११.२८ | १५.८६ |
| रुकुम पश्चिम | ४७५.३२ | ५९९.५५ | ६११.०४ | २६.१४ | १.९२ |
| सल्यान | ५५०.०६ | ५७६.१५ | ६६१.०३ | ४.७४ | १४.७३ |
| सुर्खेत | २२८६.८१ | २४८८.२१ | २०३६.५१ | ८.८१ | - १८.१५ |
| **जम्मा** | ४९५३.९३ | ५४९४.७७ | ५४००.७९ | १०.९२ | - १.७१ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रको चुनौती र सम्भावना

### क) कृषि क्षेत्रको चुनौती

- कर्णाली प्रदेशका पहिचान एवम् निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उत्पादन जस्तै: मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरुको ब्राण्डिङ् गरी बजारीकरण गर्नु ।
- कृषि क्षेत्रमा सीमित मात्रामा उपलब्ध रहेका स्रोत साधनहरुको अधिकतम तथा उच्चतम प्रयोग गरी कृषि क्षेत्रलाई आधुनिकरण, यान्त्रीकरण तथा व्यवसायिकरण गर्दै आयआर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्नु ।
- कृषियोग्य जमिनको संरक्षण र आधुनिक कृषि प्रणालीको अवलम्बन गरी प्रदेशमा रहेका युवा जनशक्तिलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गरी सबल जीवनयापनको माध्यमको रुपमा विकास गर्नु ।
- मुलुकको आर्थिक संरचनालाई रुपान्तरण गरी कृषि क्षेत्रमा रहेको जनशक्तिलाई अन्य उत्पादनमूलक क्षेत्रमा प्रवाह गराउनु, कृषि क्षेत्रमा लगानी र सुशासन वृद्धि गरी उत्पादकत्व बढाउनु, मुलुकको अर्थतन्त्रको उत्पादकत्व बढाउन र युवा जनशक्तिलाई मुलुकभित्रै रोजगारीका अवसर सिर्जना गर्न उत्पादनमूलक उद्योगको विस्तार गर्नु ।

- कृषि प्रणालीमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र विविधिकरणको अवधारणालाई तिनै तहका सरकारी निकायहरुबाट विशेष जोड दिदै व्यावहारिक रुपमा कार्यान्वयन गर्नु ।
- कृषि क्षेत्रलाई मर्यादित पेशाको रुपमा स्थापित गर्दै रोजगारीका नयाँ-नयाँ अवसरहरु सिर्जना गरी युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्दै लैजानु पनि चुनौतिपूर्ण कार्य रहेको छ ।
- राष्ट्रिय रुपमा नै ६० प्रतिशत भन्दा बढी जनसंख्या आश्रित कृषि प्रणालीलाई परम्परागत निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायमुखी आधुनिक कृषि प्रणालीमा रुपान्तरण गरी रोजगारी एवं आयस्तर वृद्धि गर्नु ।
- कृषि क्षेत्रको वृद्धिदरलाई अभिवृद्धि गर्नका लागि आवश्यकता अनुरुप नीतिगत, प्रक्रियागत र संस्थागत सुधारहरु गर्नु ।
- कर्णाली प्रदेशका स्थानीय, रैथाने तथा लोपोन्मुख बालीहरु जस्तै कागुनो, कुरिलो, मार्सी धान आदिको संरक्षण र प्रवर्द्धन गर्नु ।
- कृषि क्षेत्रमा देखापरेका जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्न सक्ने क्षमता विकास गर्नु ।
- कृषि तथा पशुजन्य उत्पादनमा हानिकारक विषादी, रसायन तथा एन्टिबायोटिक्सको प्रयोग कम गरी जनस्वास्थ्यमा पर्न जाने नकारात्मक प्रभाव कम गर्दै लैजानु ।
- सीमित स्रोत साधन, कृषि कर्जा, बीमा, प्रविधि, ज्ञान, सीपको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
- कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन र बजारीकरणलाई लागत प्रभावकारी बनाउनु कृषि क्षेत्रको व्यापारलाई सन्तुलनमा राख्नु, गुणस्तर र स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याइ नाफामूलक र प्रतिस्पर्धात्मक बनाउनु, कृषि क्षेत्रको उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्नका लागि संघ, प्रदेश र स्थानीय तहको लगानी एवम् सेवालाई थप प्रभावकारी बनाई अन्तरसरकार सहकार्य र समन्वय चुस्त बनाउनु ।
- कर्णाली प्रदेशलाई दुग्ध क्षेत्रमा आत्मनिर्भर बनाउनका लागि दुग्ध उत्पादनमा आधारित उद्योग स्थापना गरी दुग्ध व्यवसाय प्रवर्द्धन, प्रशोधन तथा बजारीकरण गर्नु ।

### ख) कृषि क्षेत्रको सम्भावना

- कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएको हुँदा यसको विकास तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।
- कृषि उपजको मूल्य निर्धारण व्यवहारिक भई सहज बजारको पहुँच हुँन सकेमा कृषकहरुलाई थप प्रोत्साहित गर्दै यस क्षेत्रमा कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।

- यस प्रदेशबाट भारत तथा अन्य मुलुकहरुमा रोजगारीका लागि जाने संख्या उच्च रहेकोले त्यस्ता श्रमिकहरुलाई व्यवसायिक कृषि, उद्यमशिलता जस्ता क्षेत्रमा खपत गराउदै स्वदेशमै रोजगारी उपलब्ध गराउने सम्भावना रहेको ।
- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशमा हिमाली, पहाडी तथा भित्री मधेश सबै भुगोल रहेकोले यहाँ धान गहुँ, मकै, कादो, जौ, आलु, व्यवसायिक तरकारी, पशुपालन लगायत फलफूल खेती गर्न सकिने प्रचुर सम्भावना रहेको ।
- यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिंचाई सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- यस प्रदेशको जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ, ओखर खेती तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यवसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको छ ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

आर्थिक वर्ष २०८०/०८१ को कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९.७० प्रतिशत रहने अनुमान छ। यस प्रदेशमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिदर ०.६४ प्रतिशत र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर १.०२ प्रतिशतले ऋणात्मक हुने प्रारम्भिक अनुमान छ। उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल ३०९ ठुला उद्योगहरु दर्ता भएकोमा कर्णाली प्रदेशमा रुरुगाड पावर कम्पनी प्रा.लि., सुर्य तारा सिमेन्ट उद्योग प्रा.लि., रारा होल्डिङ्ग प्रा.लि. र स्यार्पु पावर कम्पनी लि. गरी ४ वटा ठुला उद्योगहरु दर्ता भएका छन्। उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतको तथ्याङ्क अनुसार शुरुदेखि आर्थिक वर्ष २०७९/८० सम्म कर्णाली प्रदेशमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगहरुको संख्या ३६,५१६ रहेको छ जसमध्ये सबैभन्दा बढी सुर्खेत जिल्लामा १०,१३३ र सबैभन्दा कम मुगु जिल्लामा १,७३१ रहेको छ (तालिका ४.१)। आर्थिक वर्ष २०८०/८१ मा जम्मा १,७६८ उद्योग मात्र दर्ता भएका छन्।

**तालिका ४.१: कर्णाली प्रदेशमा उद्योगको दर्ताको स्थिति**

(संख्या)

| जिल्ला | आर्थिक वर्ष २०७९/८० सम्म | आर्थिक वर्ष २०८०/८१ |
|---|---|---|
| रुकुम पश्चिम | २,४१७ | १०० |
| सल्यान | ३,१८९ | १०० |
| सुर्खेत | १०,१३३ | ६७६ |
| दैलेख | ५,०४९ | १५६ |
| जाजरकोट | २,६९२ | १५३ |
| कालीकोट | २,५०१ | १२२ |
| मुगु | १,७३१ | १११ |
| हुम्ला | २,८४७ | ५३ |
| जुम्ला | ३,९६८ | २०४ |
| डोल्पा | १,९८९ | ९३ |
| **जम्मा** | **३६,५१६** | **१७६८** |


*स्रोतः उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत तथा उद्योग विभाग*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

### क) उद्योगको क्षमताको उपयोग

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.५१ प्रतिशत रहेको छ भने गत वर्ष यस्तो क्षमता ५२.२९ प्रतिशत थियो। समीक्षा वर्षमा उद्योगहरुको उपयोग क्षमतामा प्लाष्टिकका सामानसम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शत प्रतिशत रहेको छ भने सबैभन्दा कम अन्न तथा पशुदाना अन्तर्गत पिठो उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता १५.० प्रतिशत रहेको छ (रेखाचित्र ४.१)।

### रेखाचित्र ४.१: उद्योगको क्षमता उपयोगको अवस्था
**(प्रतिशत)**




*स्रोत: वीरेन्द्रनगर सुर्खेत स्थित उद्योगहरु*

त्यसैगरी, कागज उत्पादन, काठ तथा काठको सामान, अन्य खाद्य पदार्थ (प्रशोधित चिया), अन्य (अन्य लत्ता कपडा) र पशुदाना उत्पादन गर्ने उद्योगहरु अन्तर्गत चामल उत्पादन सम्बन्धी उद्योग, प्रशोधित दूध उत्पादन सम्बन्धी उद्योग र पशुदाना सम्बन्धी उद्योगको उपयोग क्षमता क्रमशः ९०.० प्रतिशत, ५२.० प्रतिशत, ५१.११ प्रतिशत, ४८.९४ प्रतिशत, ४१.६७, २१.२३ प्रतिशत र १६.६७ प्रतिशत रहेको छ ।


## ख) औद्योगिक उत्पादनको अवस्था

यस प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधार, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख कारणहरुले गर्दा ठूला उद्योगहरुको सञ्चालन हुन सकेको देखिदैन । घरेलु, साना तथा मझौला उद्योगहरु मध्येबाट केही उद्योगहरु अध्ययनमा नमुना छनोटको रुपमा लिईएको छ ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुमध्ये अधिकांश उद्योगहरुको उत्पादनमा वृद्धि आएको देखिन्छ भने प्रशोधित चिया र प्लाष्टिकका समान उत्पादनमा कुनै पनि परिवर्तन भएको छैन । त्यसैगरी, चिरेको काठ उत्पादनमा कमी आएको देखिन्छ । प्रशोधित दुध उत्पादनमा ३.३३ प्रतिशतले वृद्धि भएको देखिन्छ । अन्न तथा पशु दाना उत्पादन गर्ने उद्योगहरु अन्तर्गत चामल, गँहुको पिठो र पशुदाना उत्पादन क्रमशः ६६.६७ प्रतिशत, २८.५७ प्रतिशत र १५.३८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, समीक्षा वर्षमा लत्ता कपडा शीर्षक अन्तर्गत अन्य लत्ता कपडा शिर्षक र कागज तथा कागजका उत्पादनमा क्रमशः १५.० प्रतिशत र १२.५० प्रतिशतले कमी आएको छ । समीक्षा वर्षमा काठ तथा काठका सामान शीर्षक अन्तर्गत चिरेको काठको उत्पादनमा १३.३३ प्रतिशतले कमी आएको छ । त्यसैगरी, प्लाष्टिक उत्पादन शीर्षक अन्तर्गत प्लाष्टिकजन्य सामानको उत्पादनमा र प्रशोधित चियाको उत्पादनमा भने कुनै परिवर्तन आएको छैन ।


## रेखाचित्र ४.२: औद्योगिक उत्पादन

**क) मेट्रिक टन**




*स्रोत: वीरेन्द्रनगर सुर्खेतस्थित उद्योगहरु*

**ख) हजार लिटर**




*स्रोत: वीरेन्द्रनगर सुर्खेतस्थित उद्योगहरु*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म रु.३ अर्ब ९८ करोड ६१ लाख रहेको कुल औद्योगिक कर्जा समीक्षा वर्षमा ३.३३ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ११ करोड ८७ लाख पुगेको छ। समीक्षा वर्षमा विद्युत्, ग्यास तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २९.१७ प्रतिशतले वृद्धि भएको छ भने कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जामा सबैभन्दा बढी ७.८५ प्रतिशतले कमी आएको छ। समीक्षा वर्षमा सुर्खेत जिल्लामा सबैभन्दा धेरै रु.२ अर्ब ६० करोड ३ लाख औद्योगिक कर्जा उपयोग भएको छ भने सबैभन्दा कम रु.१ करोड ६५ लाख डोल्पा जिल्लामा उपयोग भएको छ (तालिका ४.२)। औद्योगिक कर्जा घट्नुको

प्रमुख कारणहरुमा आन्तरिक मागको कमी, लगानीयोग्य वातावरणको कमी, औद्योगिक विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरुको अभाव, सम्बन्धित सरोकारवाला निकायहरुको विश्व बजारमा पहुँच स्थापना गर्नका लागि आवश्यक समन्वयकारी भूमिकाको अभाव जस्ता कारणहरु लिन सकिन्छ ।

### तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा

(रु. दश लाख)


| जिल्ला/आ.व. | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | १६.०३ | ८.८२ | १६.५२ | - ४४.९७ | ८७.२५ |
| मुगु | ५३.४० | ५८.६२ | ६६.३० | ९.७६ | १३.१० |
| हुम्ला | १०८.७९ | ८८.१६ | १२३.५९ | -१८.९६ | ४०.१९ |
| जुम्ला | २४६.९३ | २३१.७६ | २७५.८८ | -६.१४ | १९.०४ |
| कालीकोट | १३६.५४ | ११५.२१ | ११९.७७ | - १५.६२ | ३.९६ |
| दैलेख | २४०.६९ | १९४.८७ | २७४.६४ | - १९.०४ | ४०.९४ |
| जाजरकोट | ५९.३३ | ५५.२७ | ५८.२० | - ६.८५ | ५.३० |
| रुकुम पश्चिम | १३७.०९ | १७५.२९ | १८६.९० | २७.८६ | ६.६३ |
| सल्यान | ३७७.९८ | ४४३.३४ | ३९६.५४ | १७.२९ | - १०.५६ |
| सुर्खेत | २,२९७.९६ | २,६१४.७७ | २,६००.३५ | १३.७९ | - ०.५५ |
| **कर्णाली प्रदेश** | ३६७४.७५ | ३९८६.१० | ४११८.६९ | ८.४७ | ३.३३ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कुल औद्योगिक कर्जामध्ये गैर खाद्य वस्तु उत्पादन सम्बन्धी क्षेत्रको अंश सबैभन्दा बढी ३०.९२ प्रतिशत र खानी सम्बन्धी क्षेत्रको अंश सबैभन्दा कम १.८४ प्रतिशत रहेको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योग, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योग, धातुका उत्पादन मेसिनरी तथा ईलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योग कुल औद्योगिक कर्जाको क्रमशः २५.०१ प्रतिशत, २८.२२ प्रतिशत, ९.८३ प्रतिशत र ४.६३ प्रतिशत हिस्सा ओगटेका छन् (रेखाचित्र ४.३) ।

### रेखाचित्र ४.३: क्षेत्रगत औद्योगिक कर्जा

(प्रतिशत)




*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### क) औद्योगिक क्षेत्रको चुनौती

- कृषि र उत्पादनजन्य उद्योगमा लगानी तथा मूल्य अभिवृद्धिको अंश घट्दै गएको अवस्थामा लगानी अभिवृद्धि गरी अपेक्षीत रोजगारी सिर्जना गर्नु ।
- कृषि तथा उद्योग क्षेत्रमा रहेको बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्नु, औद्योगिक कच्चा पदार्थको सहज आपूर्तिका लागि कृषिमा आधारित उद्योगको स्थापनामा जोड दिनु, उद्योग स्थापनामा निजी क्षेत्रको लगानी आकर्षण गरी उत्पादनको बजार सुनिश्चतता गर्नु ।
- मुलुकको आर्थिक संरचनालाई रुपान्तरण गरी परम्परागत कृषि क्षेत्रमा रहेको जनशक्तिलाई अन्य उत्पादनमूलक क्षेत्रमा प्रवाह गराउनु ।
- उत्पादनमूलक उद्योगका लागि आवश्यक कच्चा पदार्थको उलब्धतामा सहजीकरण, वित्तीय पहुँचमा सहजता, बजारीकरणका लागि सहयोग र उत्पादन लागत घटाउन राज्यले पूर्वाधार विकासमा पर्याप्त लगानी गरी उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्नु चुनौतीको रुपमा रहेको छ ।
- एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयन गर्न विशेष आर्थिक क्षेत्रको सुदुढीकरण, तीन तहको समन्वयमा औद्योगिक ग्राम स्थापना र सञ्चालन गर्ने, साना तथा मझौला उद्योगहरुको लगानी तथा श्रमशक्ति परिचालनका लागि वातावरण निर्माण गर्ने ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क अनुसार उत्पादनमुलक उद्योग र निर्माण क्षेत्रको विगत दश वर्षको वृद्धिदर क्रमशः २.५९ प्रतिशत र ४.७८ प्रतिशत रहेको छ । आ. व. २०८०/८१ को तथ्याङ्क अनुसार उत्पादनमुलक उद्योगको कुल मूल्य अभिवृद्धिदर १.६० प्रतिशतले ऋणात्मक र निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धिदर २.०७ प्रतिशतले ऋणात्मक रहेको अवस्थामा औद्योगिक विकास मार्फत आर्थिक सम्बृद्धि हासिल गर्न चुनौतीपूर्ण कार्य रहेको छ ।
- औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरी वैदेशिक लगानीलाई आकर्षण गर्नका लागि आवश्यक नीतिगत, संस्थागत र प्रक्रियागत सुधारहरु गर्नु ।
- प्रदेशमा उपलब्ध हुने स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धनको लागि आवश्यक औद्योगिक कर्जालाई सरलीकृत गर्नु तथा अन्य नीतिगत व्यवस्थाहरुमा सहजिकरण गर्नु ।
- कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ५.३ प्रतिशत मात्र उद्योगहरु सञ्चालनमा रहेको अवस्थामा प्रदेशका अधिकांश पहाडी तथा उच्च हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योग, दैलेख जिल्लामा पेट्रोलियम खानीजन्य उद्योग र जाजरकोट जिल्लामा ग्रेनाईटको खानीजन्य उद्योग लगायत अन्य उद्योगहरु सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई अभिवृद्धि गर्नु ।

## ख) औद्योगिक क्षेत्रको सम्भावना

- वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील सोच र क्षमता भएका प्रतिभावान् युवा जनशक्तिहरुलाई नयाँ उद्यम तथा व्यवसायप्रति आकर्षण गर्न स्टार्टअप इकोसिस्टम विकासका लागि आवश्यक नीति, मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन कर्णाली प्रदेश सरकारको वार्षिक बजेटको प्राथमिकतामा रहेको ।
- प्रदेश सरकारका निकायबाट हुने खरिदमा प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहन गरि रैथाने उत्पादनको बजारीकरणको लागि कार्यविधि बनाइ कोसेली घर सञ्चालनमा ल्याइने कुरा कर्णाली प्रदेश सरकारको आ.व.२०८१/८२ को वार्षिक बजेटमा नै उल्लेख गरिएको हुनाले स्थानीय वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावना उच्च रहेको ।
- कर्णाली प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- कृषि, उद्योग र सेवा क्षेत्रको पूर्वाधार विकास भइनसकेको यस प्रदेशमा कृषि र सेवा क्षेत्रसँग सम्बन्धित उद्योगहरु (साना तथा मझौला समेत) सञ्चालन गर्न सकिने सम्भावना उच्च रहेको ।
- वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरुको सीप र दक्षतालाई परिचालन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने । आवश्यक भौतिक पूर्वाधार (बाटो, सञ्चार, विजुली) निर्माणको विस्तार भएमा उपलब्ध श्रम तथा औधोगिक कच्चा पदार्थ (जडीबुटी, अल्लो जस्ता) पर्याप्त मात्रामा उपलब्ध भएकोले उद्योगहरु स्थापनाको सम्भावना उच्च रहेको ।
- बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जाको उपयोग गरी साना तथा मझौला उद्योगहरु (SMEs) को लागत कम गर्दै प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।
- उद्योगहरुलाई आवश्यक कामदार पूर्ति गर्न व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- यस प्रदेशमा ऊर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने ।
- पूर्वाधार विकासमा सरकारको लगानी बढदै जानु, प्रदेशमा नै दक्ष जनशक्ति तयार हुनुका साथै युवाहरु उद्योहरुप्रति आकर्षित हुदै जानु जस्ता सम्भावना रहेका छन् ।

# परिच्छेद ५

# सेवा क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा देशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२.९० प्रतिशत रहने प्रारम्भिक अनुमान छ । सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रुपमा बढेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६०.७९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ भने गत आर्थिक वर्ष २०७९/८० मा ६०.४५ प्रतिशत हुने संशोधित अनुमान रहेको छ ।

## ५.१ पर्यटन

सन् २०२३ मा नेपालमा आउने पर्यटकको संख्यामा ६५.२४ प्रतिशतले वृद्धि भई १०,१४,८७६ पुगेको छ । कर्णाली प्रदेशस्थित होटलहरूबाट नमूना छनौटमा परेका होटलहरूबाट प्राप्त तथ्याङ्कको आधारमा समग्र कर्णाली प्रदेशको होटल तथा पर्यटन व्यवसायको अवस्था विश्लेषण गरिएको छ (तालिका ५.१) ।

### तालिका ५.१: नमूना होटलहरुबाट संकलन गरिएका तथ्याङ्क स्थिति

| विवरण | दुई वर्ष अघि आ.व. २०७८/७९ (साउन-असार) | गत वर्ष आ.व. २०७९/८० (साउन-असार) | समीक्षा वर्ष आ.व. २०८०/८१ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| होटल शैयाको संख्या | २८५.० | २७५.० | २७७.० | -३.५१ | ०.७३ |
| कोठा/शैया विक्रि संख्या | १७६.० | १७९.० | २१४.० | १.७० | १९.५५ |
| प्रत्यक्ष रोजगारी संख्या | १५५.० | १८६.० | १९५.० | २०.०० | ४.८४ |
| पुरुष संख्या | १०८.० | १३२.० | १३९.० | २२.२२ | ५.३० |
| महिला संख्या | ४७.० | ५४.० | ५६.० | १४.८९ | ३.७० |
| पर्यटक आगमन संख्या | ४६९०.० | ५२५६.० | ६४८६.० | १२.०७ | २३.४० |
| भारत | २३९२.० | २७५९.० | ३४०७.० | १५.३४ | २३.४९ |
| चीन | १०५४.० | ११६७.० | १३५१.० | १०.७२ | १५.७७ |
| तेस्रो मुलुक | १३९९.० | १४२५.० | १७७९.० | १.८६ | २४.८४ |

*स्रोत: सम्बन्धित होटलहरु*

समीक्षा वर्षमा कर्णाली प्रदेशका होटलहरुको शैया संख्या ०.७३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष होटल शैया संख्या ३.५१ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा प्रदेशमा होटल व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा ४.८४ प्रतिशतले वृद्धि भएको देखिन्छ जस अन्तर्गत पुरुष र महिला रोजगारी संख्यामा क्रमशः ५.३० प्रतिशत र ३.७० प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्ष सो व्यवसायले सिर्जना गरेको प्रत्यक्ष रोजगारीमा २०.० प्रतिशतले वृद्धि भएको थियो ।  गत वर्ष १५.३४ प्रतिशतले वृद्धि भएको भारतीय पर्यटक आगमनको संख्यामा समीक्षा वर्षमा २३.४९ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै गत वर्ष १०.७२ प्रतिशतले वृद्धि भएको चिनियाँ पर्यटक आगमनको

संख्यामा समीक्षा वर्षमा १५.७७ प्रतिशतले वृद्धि भएको छ भने समीक्षा वर्षमा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा २४.८४ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत वर्ष यस्तो वृद्धिदर १.८६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा समग्रमा पर्यटन आगमन संख्या गत वर्षको तुलनामा २३.४० प्रतिशतले वृद्धि भएको देखिन्छ । समीक्षा वर्षमा यस प्रदेशमा औसत होटल अकुपेन्शी ७८.८४ प्रतिशत रहेको छ भने गत वर्षमा यस्तो प्रतिशत ६५.०९ रहेको थियो । यस प्रदेशमा पर्यटन विकासको प्रचुर सम्भावना हुँदाहुँदै पनि उचित प्रचारप्रसारको अभाव रहनुका साथै पर्यटकीय पूर्वाधारहरुको विकास हुन नसक्दा पर्यटन क्षेत्रमा आशातीत सुधार आउन सकेको छैन ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा यस प्रदेशमा घरजग्गा रजिष्ट्रेशन संख्या १२,६१३ पुगेको छ भने घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा २२.६८ प्रतिशतले कमी भई रु.३२ करोड ६५ लाख संकलन भएको छ (तालिका ५.२) ।

### तालिका ५.२: घरजग्गा कारोवार संख्या तथा राजस्वको स्थिति

| विवरण | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वषको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १८६४१.० | १८२०४.५० | १२६१३.०० | -२.३४ | -३०.७१ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | २२०.९९ | ४२२.३० | ३२६.५२ | ९१.०९ | -२२.६८ |

*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा नगरपालिका/गाउँपालिका कार्यालयहरु*

प्रदेशका नमुना १० स्थानिय तहको तथ्याङ्क समीक्षा गर्दा, समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ११.७८ प्रतिशतले वृद्धि भएको छ भने गत वर्ष यस्तो नक्सा पास संख्यामा ७.९५ प्रतिशतले कमी आएको थियो ।

## ५.३ वित्तीय सेवा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका ४७५ शाखा रहेका छन् (तालिका ५.३) ।

### तालिका ५.३: बैंक तथा वित्तीय संस्थाको जिल्लागत शाखा संख्या

(जिल्लागत)

| जिल्ला | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|---|
| दैलेख | २६ | १ | - | ३१ | ५८ |
| डोल्पा | १३ | | - | ४ | १७ |
| हुम्ला | ९ | १ | - | ३ | १३ |
| जाजरकोट | १६ | १ | - | १९ | ३६ |
| जुम्ला | २३ | १ | - | १५ | ३९ |
| कालिकोट | १७ | | - | १२ | २९ |
| मुगु | ९ | | - | ५ | १४ |
| रुकुम पश्चिम | २१ | २ | १ | २९ | ५३ |
| सल्यान | २६ | ५ | १ | ४५ | ७७ |
| सुर्खेत | ५३ | १० | १ | ७५ | १३९ |
| **जम्मा** | **२१३** | **२१** | **३** | **२३८** | **४७५** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

गत वर्ष यस प्रदेशमा जम्मा ४६६ वटा शाखा रहेका थिए । समीक्षा वर्षमा ९ वटा शाखा बिस्तार भई शाखा संख्या जम्मा ४७५ पुगेकोमा वाणिज्य बैंक (क वर्ग) का २१३ वटा, विकास बैंक (ख वर्ग) का २१ वटा, वित्त कम्पनी (ग वर्ग) का ३ वटा र लघु वित्त वित्तीय संस्था (घ वर्ग) का २३८ वटा रहेका छन् ।

### क) वित्तीय पहुँचको अवस्था

### अ) शाखारहित बैंङ्किङ, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैङ्किङ

समीक्षा वर्षमा कर्णाली प्रदेशमा २८ वटा शाखारहित बैकिङ्ग सेवा रहेका छन् । यस्तो सेवा प्रवाहमा सुर्खेत जिल्ला सबैभन्दा अगाडि रहेको छ। जहाँ ११ वटा शाखारहित बैकिङ्ग सेवा रहेको देखिन्छ, जसमध्ये दैलेखमा ३ वटा, सल्यानमा र कालिकोटमा ४/४ वटा शाखारहित बैङ्किङ सेवा रहेका छन् । त्यस्तै, हुम्ला र मुगुमा २/२ वटा तथा रुकुम पश्चिम र जाजरकोटमा १/१ वटा शाखारहित बैङ्किङ सेवा रहेका छन् । बाँकी दुई जिल्लाहरु डोल्पा र जुम्लामा भने यस्तो सेवा प्रवाह सुरु भएको छैन (तालिका ५.४) ।

#### तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको शाखा रहित बैंकिङ्ग, ए.टि.एम., मोबाईल तथा इन्टरनेट बैंकिङ्ग संख्या

(जिल्लागत)

| प्रकार | शाखा रहित बैंकिङ संख्या | ए.टि.एम. तथा बुथ संख्या | No. of Registered Mobile Banking (A,B,C) | No. of Registered Internet Banking (A,B,C) |
|---|---|---|---|---|
| डोल्पा | - | - | १८,०३६ | ६०३ |
| मुगु | २ | २ | २१,४५० | १३२ |
| हुम्ला | २ | २ | २०,७७२ | ८११ |
| जुम्ला | - | ११ | ६१,०८१ | ६०५ |
| कालिकोट | ४ | ५ | ४२,४५८ | २९९ |
| दैलेख | ३ | ९ | ७९,२२७ | १,२३८ |
| जाजरकोट | १ | ७ | ४६,८१३ | ७३४ |
| रुकुम (पश्चिम) | १ | १४ | ८३,२८९ | ५८८ |
| सल्यान | ४ | १४ | १,०७,४८८ | १,७८६ |
| सुर्खेत | ११ | ४३ | ३,११,८१७ | १३,२२२ |
| **जम्मा** | **२८** | **११३** | **७,९२,४३१** | **२०,०१८** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा ११३ वटा ए.टि.एम सञ्चालनमा रहेका छन् । समीक्षा वर्षमा हुम्ला र मुगुमा २/२ वटा ए.टि.एम. रहेका छन् । समीक्षा वर्षसम्म कर्णाली प्रदेशमा मोबाईल बैङ्किङ रजिस्टर गर्ने ग्राहकको संख्या ७,९२,४३१ पुगेको छ । जसमध्ये सबैभन्दा बढी सुर्खेतमा ३,११,८१७ र सबैभन्दा कम डोल्पा जिल्लामा १८,०३६ रहेका छन् । त्यसैगरी, इन्टरनेट बैङ्किङ रजिस्टर गर्ने ग्राहकको संख्या २०,०१८ पुगेको छ । जसमध्ये, सबैभन्दा बढी सुर्खेत जिल्लामा १३,२२२ र सबैभन्दा कम मुगु जिल्लामा १३२ रहेका छन् ।

### आ) डिजिटल भुक्तानी ग्राहकको संख्या

समीक्षा वर्षमा यस प्रदेशमा डिजटल भुक्तानी ग्राहकको संख्या ११,२६,१९४ पुगेको छ । क्रेडिट कार्ड, डेबिड कार्ड, मोबाईल बैङ्किङ, अनलाईन बैङ्किङ, पिओएस, प्रिपेड कार्ड र क्युआर मर्चेन्टका कुल क्रमशः ३,६९९ संख्या, ३,००,६११ संख्या, ७,७६,२२४ संख्या, २०,४७० संख्या, २५६ संख्या, ५४९ संख्या र २४,३८५ संख्या पुगेको छ (तालिका ५.५) ।

## तालिका ५.५: डिजिटल भुक्तानी ग्राहकको संख्या

(जिल्लागत)

| जिल्ला | Credit card | Debit card | Mobile banking users | Online banking users | POS | Prepaid card | QR Merchant | कुल |
|---|---|---|---|---|---|---|---|---|
| दैलेख | २६६ | २४,५८९ | ७७,४८० | १,२११ | ८ | १६ | २,३६४ | १०५,९३४ |
| डोल्पा | ५१ | ४,८२७ | १८,०३६ | ६०३ | ५ | २ | ५३३ | २४,०५७ |
| हुम्ला | ३० | ७,०५३ | २०,७७२ | ८११ | ० | ० | १,००९ | २९,६७५ |
| जाजरकोट | ७६ | १८,८९१ | ४६,८१३ | ७३३ | ६ | ११ | १,५८७ | ६८,११७ |
| जुम्ला | १८३ | २७,०५३ | ५९,८२२ | ७९१ | १५ | १९ | १,६६८ | ८९,५५१ |
| कालिकोट | ३१ | १२,२७४ | ४१,७६१ | ३०९ | ६ | ५ | १,२२३ | ५५,६०९ |
| मुगु | २८ | ७,०११ | २१,४५० | १३२ | ४ | १ | ९८१ | २९,६०७ |
| रुकुम पश्चिम | २१३ | २९,५८८ | ७८,६६७ | ५६० | ८ | ३४ | १,६५१ | ११०,७२१ |
| सल्यान | ३२२ | २५,१४९ | १,०५,२९५ | १,७९५ | १२ | २८ | २,३९६ | १३४,९९७ |
| सुर्खेत | २,४९९ | १,४४,१७६ | ३,०६,१२८ | १३,५२५ | १९२ | ४३३ | १०,९७३ | ४७७,९२६ |
| कुल | **३,६९९** | **३,००,६११** | **७,७६,२२४** | **२०,४७०** | **२५६** | **५४९** | **२४,३८५** | **१,१२६,१९४** |


*स्रोत: नेपाल राष्ट्र बैंक*

### ख) निक्षेप तथा कर्जाको स्थिति

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेप, गत वर्षको तुलनामा ११.७९ प्रतिशतले वृद्धि भई रु.७५ अर्ब ४५ करोड ९१ लाख पुगेको छ (रेखाचित्र ५.१) । गत वर्ष यस्तो निक्षेप ११.८९ प्रतिशतले वृद्धि भई रु.६७ अर्ब ४९ करोड ९२ लाख पुगेको थियो ।

## रेखाचित्र ५.१: कर्णाली प्रदेशको निक्षेप तथा कर्जाको स्थिति


(रु.दश लाख)




*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको कुल कर्जा २.२४ प्रतिशतले वृद्धि भई रु.५९ अर्ब २३ करोड ४४ लाख पुगेको छ । गत वर्षमा यस्तो कर्जा ५.४७ प्रतिशतले बढेर रु.५७ अर्ब ९३ करोड ६७ लाख पुगेको थियो । त्यस्तै, समीक्षा वर्षमा यस प्रदेशको कर्जा तथा निक्षेप अनुपात ७८.५० प्रतिशत रहेको छ । उक्त अनुपात गत वर्षमा ८५.८३ प्रतिशत रहेको थियो (रेखाचित्र ५.२) ।

## रेखाचित्र ५.२: कर्णाली प्रदेशको कर्जा निक्षेप अनुपात
(प्रतिशत)





*स्रोत: नेपाल राष्ट्र बैंक*

समीक्षा वर्षमा कर्णाली प्रदेशमा संकलित निक्षेप तथा प्रवाहित कर्जाको विश्लेषण गर्दा सुर्खेत जिल्ला सबैभन्दा अगाडि देखिन्छ। यस जिल्लामा समीक्षा वर्षमा रु.३० अर्ब २९ करोड ५२ लाख निक्षेप संकलन भएको छ भने, सोही अवधिमा रु.३५ अर्ब ८६ करोड ७ लाख कर्जा प्रवाहित भएको छ। त्यस्तै सबैभन्दा कम निक्षेप संकलन मुगु जिल्लामा रु.२ अर्ब ४७ करोड ८९ लाख भएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम रु.८ करोड २५ लाख कर्जा प्रवाह भएको छ।

### ग) अन्य वित्तीय विवरण

समीक्षा वर्षमा कर्णाली प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुद्वारा संकलित कुल निक्षेपमध्ये बचत निक्षेपको अंश सबैभन्दा धैरै ५६.४७ प्रतिशत रहेको छ (रेखाचित्र ५.३)। त्यसैगरी मुद्दती, चल्ती र अन्य निक्षेपले क्रमशः २५.०५ प्रतिशत, १२.८७ प्रतिशत र ५.६१ प्रतिशत हिस्सा ओगटेका छन्।

## रेखाचित्र ५.३: कुल निक्षेपको संरचना
(प्रतिशत)




*स्रोत: नेपाल राष्ट्र बैंक*


समीक्षा वर्षमा यस प्रदेशमा निक्षेपखाताको संख्या १२.८१ प्रतिशतले वृद्धि भई २१,९९,२४९ पुगेको छ। गत वर्ष यस्तो संख्या १५.४३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा ऋणी खाताहरुको संख्यामा ४.३० प्रतिशतले वृद्धि भई ५३,४३० पुगेको छ भने गत वर्ष यो संख्यामा २.४० प्रतिशतले कमी आएको थियो।

### घ) विपन्न वर्ग कर्जा, सहुलियतपूर्ण कर्जा र पुनरकर्जा

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको विपन्नवर्ग कर्जा गत वर्षको तुलनामा ८.३३ प्रतिशतले वृद्धि भई रु.५ अर्ब १५ करोड ९८ लाख पुगेको छ। गत वर्ष सो कर्जा प्रवाह २.६० प्रतिशतले ह्रास आई रु.४ अर्ब ७६ करोड ३० लाख कायम भएको थियो। समीक्षा वर्षमा कर्णाली प्रदेशमा रु.१ अर्ब ९३ करोड ७१ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ, जुन गत वर्षको तुलनामा ३५.५२ प्रतिशतले कमी हो। त्यसैगरी, समीक्षा वर्षमा यस प्रदेशमा पुनरकर्जा गत वर्षको तुलनामा १८४.१५ प्रतिशतले वृद्धि भई रु.१ करोड १६ लाख प्रवाह भएको छ (रेखाचित्र ५.४)।

**रेखाचित्र ५.४: सहुलियतपूर्ण कर्जा, विपन्नवर्ग कर्जा, र पुनरकर्जाको विवरण**

(रु.दश लाख)




*स्रोतः नेपाल राष्ट्र बैंक*

### ङ) फण्ड ट्रान्सफर

प्रदेशका प्रत्येक जिल्लाहरुमा एक-एक वटा गरी जम्मा १० वटा नोटकोषहरु रहेका छन् (तालिका ५.६)। समीक्षा वर्षमा यस प्रदेशका सबै नोट कोषहरुमा गरी जम्मा रु.८ अर्ब ४० करोड फण्ड ट्रान्सफर भएको छ। यस्तो रकम गत वर्ष भएको फण्ड ट्रान्सफरको तुलनामा २२.५९ प्रतिशतले कमी हो।

**तालिका ५.६: कर्णाली प्रदेशमा फण्ड ट्रान्सफरको अवस्था**

(रु. करोडमा)

| जिल्ला/आ.व. | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डोल्पा | १४५.० | ३५.० | -७५.८६ |
| हुम्ला | ६०.० | ३०.० | -५०.० |
| जुम्ला | ८१.१५ | ३५.० | -५६.८७ |
| मुगु | ३५.० | ०.० | -१००.० |
| जाजरकोट | १२०.० | ७०.० | -४१.६७ |
| कालिकोट | ९०.० | ६०.० | -३३.३३ |
| दैलेख | १८०.० | १३०.० | -२७.७८ |
| सल्यान | १६४.० | १७५.० | ६.७१ |
| रुकुम (पश्चिम) | ६०.० | ६५.० | ८.३३ |
| सुर्खेत | १५०.० | २४०.० | ६०.० |
| **जम्मा** | **१०८५.१५** | **८४०.००** | **-२२.५९** |

*स्रोतः नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय*

त्यसैगरी, समीक्षा वर्षमा सबैभन्दा बढी सुर्खेत जिल्लामा रु.२ अर्ब ४० करोड फण्ड ट्रान्सफर भएको छ भने मुगु जिल्लामा समीक्षा वर्षमा फण्ड ट्रान्सफर भएको छैन ।

## ५.४ यातायात तथा संचार

समीक्षा वर्षमा यस प्रदेशमा दर्ता भएका सवारी साधनको संख्यामा ११.४९ प्रतिशतले कमी आई ३,००४ कायम भएको छ (तालिका ५.७) । गत वर्षमा सो संख्या ८३.२० प्रतिशतले कमी आई ३,३९४ रहेको थियो ।

### तालिका ५.७: यातायातका साधनको संख्या

| विवरण/आ.व. | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | २०,२०३ | ३,३९४ | ३,००४ |
| मोटरसाईकल | १५,९३९ | २,५१७ | २,४३८ |
| अन्य | ४,२६४ | ८७७ | ५६६ |

*स्रोत: यातायात व्यवस्था कार्यालय, सुर्खेत र जुम्ला ।*

समीक्षा वर्षमा मोटरसाईकलको संख्यामा ३.१४ प्रतिशतले कमी आई २,४३८ कायम भएको छ भने अन्य सवारी साधनको संख्यामा ३५.४६ प्रतिशतले कमी आई ५६६ कायम भएको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा नेपाल टेलिकमबाट वितरित स्थायी टेलिफोन सेवाको संख्या १२.२६ प्रतिशतले वृद्धि भई १,६६६ पुगेको छ भने गत वर्षमा कर्णाली प्रदेशभित्र जम्मा १,४८४ स्थायी टेलिफोन सेवा टेलिफोन वितरण गरिएको थियो । त्यसैगरी, समीक्षा वर्षमा १,०५,०६० मोबाईल सिम कार्ड वितरण गरिएको छ । सो सङ्ख्या गत वर्षको तुलनामा १५.०७ प्रतिशतले कमी हो ।

## ५.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयको संख्या ३,०३४, विद्यार्थी संख्या ५,३२,७३८ र शिक्षक संख्या १६,६२७ रहेको छ । समीक्षा वर्षमा सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा विद्यार्थी संख्यामा ०.३९ प्रतिशतले वृद्धि भएको छ भने गत वर्ष यस्तो संख्यामा ४.५८ प्रतिशतले वृद्धि भएको थियो (तालिका ५.८) ।

### तालिका ५.८: सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक संख्या

| विवरण/आ.व. | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) |
|---|---|---|---|
| विद्यालय संख्या | ३,०७२ | ३,०६५ | ३,०३४ |
| विद्यार्थी संख्या | ५,५६,१२७ | ५,३०,६५६ | ५,३२,७३८ |
| शिक्षक संख्या | १३,१७६ | १४,९०८ | १६,६२७ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा वर्षमा संस्थागत/निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्यामा १.१८ प्रतिशतले कमी आएको छ भने विद्यालयको संख्यामा कुनै परिवर्तन आएको छैन (तालिका ५.९) ।

### तालिका ५.९: निजी विद्यालयमा विद्यार्थी र शिक्षक संख्या

| विवरण/आ.व. | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) |
|---|---|---|---|
| विद्यालय संख्या | ३३८ | ३६४ | ३६४ |
| विद्यार्थी संख्या | ७०,३११ | ८०,६२९ | ७९,६७९ |
| शिक्षक संख्या | १,७८१ | १,०७१ | १,९६८ |

*स्रोत: शिक्षा सेवा निर्देशनालय र जिल्लास्थित शिक्षा सेवा कार्यालयहरु*

समीक्षा वर्षमा यस प्रदेशमा प्राविधिक शिक्षालयको संख्या, विद्यार्थीको संख्या र शिक्षकहरुको संख्या क्रमशः १२७, ३,०५४ र ७३८ रहेको छ। गत वर्ष प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुको संख्या ३,२३१ रहेको थियो।

समीक्षा वर्षमा यस प्रदेशमा रहेका सरकारी/सामुदायिक अस्पतालको संख्या, चिकित्सक संख्या र अस्पतालहरुमा रहेका शैयाहरुको संख्यामा क्रमशः १६.० प्रतिशत, ३०.१७ प्रतिशत र ११.४१ प्रतिशतले वृद्धि भई २९ वटा अस्पताल ३१५ जना चिकित्सक संख्या र १,२३० वटा शैयाहरु रहेका छन् । गत वर्ष यस्तो संख्या ८.७० प्रतिशत, १२.५६ प्रतिशत र ०.५५ प्रतिशतले वृद्धि भएको थियो।

### तालिका ५.१०: सरकारी/सामुदायिक अस्पतालको जिल्लागत स्थिति

(संख्या)

| विवरण/आ.व. | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) |
|---|---|---|---|
| रुकुम पश्चिम | ५ | ६ | ६ |
| सल्यान | २ | २ | ३ |
| डोल्पा | १ | १ | १ |
| जुम्ला | १ | १ | १ |
| मुगु | २ | २ | २ |
| हुम्ला | १ | १ | २ |
| कालिकोट | ६ | ६ | ७ |
| जाजरकोट | १ | २ | ४ |
| दैलेख | २ | २ | २ |
| सुर्खेत | २ | ३ | ४ |
| **कर्णाली प्रदेश** | **२३** | **२६** | **३२** |

*स्रोत: स्वास्थ्य सेवा निर्देशनालय, कणाली प्रदेश र निजि अस्पताल*


प्रदेशका १० जिल्लाहरुमध्ये कालिकोटमा सबैभन्दा धेरै ७, रुकुम पश्चिममा ६, जाजरकोटमा र सुर्खेतमा समान ४/४ वटा, सल्यानमा ३ सरकारी/सामुदायिक अस्पताल रहेका छन्।, मुगु, हुम्ला र दैलेखमा समान २/२ वटा र बाँकी डोल्पा र जुम्ला जिल्लामा १/१ वटा सरकारी/सामुदायिक अस्पतालहरु सञ्चालनमा रहेका छन् (तालिका ५.१०)। समीक्षा वर्षमा यस प्रदेशमा निजी अस्पतालको संख्या २६ रहेको छ।

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३.९३ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। समीक्षा वर्षमा, सेवा क्षेत्रमा प्रवाहित कर्जा २.६० प्रतिशतले वृद्धि भई रु.४९ अर्ब ७१ करोड ४९ लाख पुगेको छ भने गत वर्ष यस्तो कर्जा ४.६५ प्रतिशतले वृद्धि भएको थियो।

## रेखाचित्र ५.५: कर्णाली प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा

(रु. दश लाखमा)




*स्रोत: नेपाल राष्ट्र बैंक*

गत वर्ष रु.१९ अर्ब ०७ करोड २५ लाख रहेको उपभोग्य कर्जा समीक्षा वर्षमा ८.०४ प्रतिशतले वृद्धि भई रु.२० अर्ब ६० करोड ६२ लाख पुगेको छ। समीक्षा वर्षमा यस्तो कर्जाको हिस्सा सेवा क्षेत्रमा सबैभन्दा बढी ४१.४५ प्रतिशत रहेको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा कम रु.४ करोड ८० लाख वित्त, बिमा तथा अचल सम्पत्ति शीर्षकमा प्रवाह भएको छ जसको हिस्सा ०.१० प्रतिशत रहेको छ।

समीक्षा वर्षमा कर्णाली प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जामध्ये सबैभन्दा धेरै सुर्खेत जिल्लामा रु.३१ अर्ब २२ करोड ३९ लाख छ भने सबैभन्दा कम हुम्ला जिल्लामा रु.४८ करोड ९५ लाख प्रवाह भएको छ (तालिका ५.११)।

## तालिका ५.११: जिल्लागत सेवा क्षेत्र कर्जा

**(रु. दश लाख)**

| जिल्ला/आ.व | २०७८/७९ (साउन-असार) | २०७९/८० (साउन-असार) | २०८०/८१ (साउन-असार) | गत वर्षको परिवर्तन (प्रतिशत) | समीक्षा वर्षको परिवर्तन (प्रतिशत) |
|---|---|---|---|---|---|
| डोल्पा | ३८९.७९ | ४९६.४४ | ६१७.२३ | २७.३६ | २४.३३ |
| मुगु | ८२०.९३ | ९०५.४० | ९२३.४० | १०.२९ | १.९९ |
| हुम्ला | ३७०.४८ | ४१८.२७ | ४८९.५० | १२.९० | १७.०३ |
| जुम्ला | २,५७५.६१ | २,७१८.८५ | २७९७.९४ | ५.५६ | २.९१ |
| कालीकोट | १,२१३.७७ | १,२९३.७१ | १३७५.६९ | ६.५९ | ६.३४ |
| दैलेख | ३,२००.६१ | ३,११८.५१ | ३२८२.६९ | - २.५७ | - २.५७ |
| जाजरकोट | १३३९.९१ | १४९८.५४ | १६०६.६४ | ११.८४ | ७.२१ |
| रुकुम पश्चिम | ३४८०.९७ | ३७२२.६० | ३८६५.३८ | ६.९४ | ३.८४ |
| सल्यान | ३,३३०.५६ | ३,३२६.७१ | ३५३२.५७ | - ०.१२ | ६.१९ |
| सुर्खेत | २९,५७८.१५ | ३०,९५६.८० | ३१,२२३.९१ | ४.६६ | ०.८६ |
| **कर्णाली प्रदेश** | ४६,३००.७८ | ४८,४५५.८२ | ४९,७१४.९४ | ४.६५ | २.६० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

समीक्षा वर्षमा नमुना छनौटमा परेका सहकारीहरुबाट तथ्याङ्क संकलन गरी यस प्रदेशको समग्र सहकारी क्षेत्रको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल पुँजीमा ५.०६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो पुँजी ८.५४ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म सहकारी संस्थाहरुको कुल बचत ५.५९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म २९.०३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा बचत बढनुमा यस प्रदेशमा सहकारी संस्थाहरु ग्रामिण क्षेत्रमा अवस्थित तथा उत्पादनसँग जोडिनु रहेको छ । समीक्षा वर्षमा कर्णाली प्रदेशमा सहकारी संस्थाहरुको कुल ऋण प्रवाह १८.३४ प्रतिशतले बढेको छ । गत वर्ष त्यस्तो ऋण प्रवाह २.१० प्रतिशतले घटेको थियो । गत वर्ष ५.८८ प्रतिशतले बढेको सदस्य संख्या समीक्षा वर्षमा ०.६० प्रतिशतले बढेको छ । समीक्षा वर्षमा सहकारी संस्थाले सिर्जना गरेको रोजगारीमा ६.२७ प्रतिशतले वृद्धि भएको छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### क) सेवा क्षेत्रको चुनौती

- कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थलको संरक्षण र सम्बर्द्धन गर्नु साथै कर्णाली प्रदेशलाई प्रकृतिमैत्री आकर्षक पर्यटन गन्तव्यस्थलको रुपमा विकास गर्नु पनि चुनौतीको रुपमा रहेको छ ।
- राष्ट्रिय अर्थतन्त्रमा करिब ६३ प्रतिशत योगदान रहेको सेवा क्षेत्रको विगत दश वर्षको यस क्षेत्रको कुल मूल्य अभिवृद्धि दर ४.१५ प्रतिशत रहेको अवस्थामा अपेक्षित आर्थिक विकासका लक्ष्यहरु हासिल गर्नु चुनौतीपूर्ण कार्य रहेको छ ।
- भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु ।
- पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र विस्तार मार्फत् आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।
- बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति विस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।
- पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।
- पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विकास मार्फत पर्यटन क्षेत्रको योगदान बढाउँदै जानु ।
- प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिम प्राप्त अनुभवी शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवी शिक्षकहरुलाई विभिन्न प्रोत्साहन मार्फत् आकर्षण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

## ख) सेवा क्षेत्रको सम्भावना

- पर्यटन व्यवसायको प्रचुर सम्भावना बोकेको यस प्रदेशमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका पर्यटकीय स्थलको पहिचान, संरक्षण र सम्बर्द्धन गर्नमा तिनै तहका सरकारी निकायहरुको ध्यानाकर्षण भएमा साथै उक्त विषयलाई उच्च प्राथमिकताका साथ नीति तथा कार्यविधिमा सम्बोधन भएमा पर्यटकीय पूर्वाधारहरुको तीव्रतर विकास गरी कर्णाली प्रदेशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान वृद्धि गर्दै समग्र कर्णालीबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षण गर्न सकिने उच्च सम्भावना रहेको ।
- यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेटको विस्तारको उच्च सम्भावना रहेको छ । त्यस्तै, सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार हुन गई आय तथा रोजगारी बढ्ने सम्भावना रहेको ।
- बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधारणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले घरेलु, साना तथा मझौला उद्योगहरुको विकास हुने क्रम बढ्दो रहेकोले सो क्षेत्रमा कर्जा बिस्तारको सम्भावना उच्च रहेको ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

प्रदेश सरकारबाट हालसम्म निर्माण भएको कालोपत्रे, ग्राभेल र कच्ची सडक गरी कुल लम्बाई ३,६३८.३४ किलोमिटर पुगेको छ । कुल सडकमध्ये कालोपत्रे ४.७८ प्रतिशत, ग्राभेल १७.०४ प्रतिशत र कच्ची सडक ७८.१८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म सडकको कुल लम्बाई २,९३७.०२ किलोमिटर रहेको थियो (तालिका ६.१) । भौगलिक विकटताको कारणले कर्णाली प्रदेशमा सडक सञ्जाल देशको अन्य प्रदेशको तुलनामा कम रहेको छ ।  प्रदेशका ७ वटा विमानस्थलमध्ये ६ विमानस्थल सञ्चालनमा रहेका छन् । प्रदेशका ७९ स्थानीय तहमध्ये १० स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुग्न सकेको छैन ।

### तालिका ६.१: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको सडक सम्बन्धी विवरण

(किलोमिटर)

| विवरण/आ.व. | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| कालोपत्रे | ३.०० | ३०.०२ | १५.९० | ३०.०३ | ९४.८० | १७३.७५ |
| ग्राभेल | १९.१० | १६५.६० | ११३.१५ | १२०.३१ | १८६०.६ | ६२०.०६ |
| कच्ची | २७३.१० | ८९८.८७ | ५८९.१२ | ६२३.११ | ४२०.४६ | २८४४.५३ |
| **जम्मा** | **२९५.२०** | **१०९४.४९** | **७१८.१७** | **७७३.४५** | **७०१.३२** | **३६३८.३४** |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत*

आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म कर्णाली प्रदेश सरकार मार्फत निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको संख्या ९१ र मोटरवल पुल ४० रहेको छ भने चालु आर्थिक वर्ष २०८०/८१ मा ३६ वटा झोलुङ्गे पुल र १८ वटा मोटरवल पुल निर्माण भएका छन् (तालिका ६.२) ।

### तालिका ६.२: कर्णाली प्रदेश सरकारबाट निर्माण भएको पुल सम्बन्धी विवरण

(संख्या)

| विवरण/आ.व. | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| मोटरवल पुल | - | ९ | ८ | ५ | १८ | ४० |
| झोलुङ्गे पुल | - | ८ | ९ | ३८ | ३६ | ९१ |

*स्रोत: भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत*

## ६.२ प्रदेशका ठूला आयोजनाहरुको स्थिति

### ६.२.१  पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

पुष्पलाल (मध्यपहाडी) राजमार्गको कुल लम्बाई १,८७९ किलोमिटरमध्ये आ.व. २०७९/८० सम्म १,४०२ किलोमिटर कालोपत्रे भएकोमा आ.व. २०८०/८१ फागुनसम्म थप १३ किलोमिटर कालोपत्रे भई १४१५ किलोमिटर पुगेको छ । राजमार्गमा पर्ने १३७ पुलमध्ये आ.व. २०७९/८० फागुनसम्म १०२ पुल निर्माण भएको छन् (स्रोत: आर्थिक सर्वेक्षण २०८०/८१) । आ.व. २०६४/६५ मा शुरु गरिएको आयोजना आ.व २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

समग्रमा, आयोजना पुर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाडका २६ जिल्लाहरुका २१५ वस्तीहरु जोड्दै निर्माण हुने यस सडक समयमै सम्पन्न भए मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजनाबाट प्रत्यक्ष लाभान्वित भई अर्थतन्त्रमा प्रत्यक्ष रुपमा टेवा पुग्ने अनुमान गरिएको छ ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, दैलेख अन्तर्गत रुकुम पूर्व पातिहाल्ने देखि अछामको चौखुट्टेसम्म ४४० किलोमिटर लम्बाई कार्य क्षेत्र रहेकोमा १८ वटा पुल निर्माण गर्नुपर्ने छ । यस क्षेत्रको ट्र्याक खोल्ने काम सम्पूर्ण सम्पन्न भै सडक चौडा गर्ने र पुल निर्माण गर्ने कार्य भैरहेको छ । यस योजना कार्यालयले रेखाङ्कन गरेका जिल्लाहरुमा रुकुम पुर्व (५५ कि.मि.), रुकुम पश्चिम (७० कि.मि.), जाजरकोट (८३ कि.मि.), दैलेख (१२५ कि.मि.) र अछाम (१०७ कि.मि.) जिल्ला रहेको छ । समीक्षा वर्ष सम्ममा भएका प्रमुख कार्यमा ३८५ कि.मि.सडक कालोपत्रे, ४४० कि.मि.ग्राभेल सम्पन्न भएको छ भने १७ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ । कर्णाली प्रदेशका ३ जिल्लाहरु रुकुम पश्चिम, जाजरकोट र दैलेखलाई समेटेको यस सडक मार्गको करिब २६८ कि.मि. सडक खण्ड यस प्रदेश भित्र पर्दछ ।

### ६.२.२ कर्णाली कोरिडोर सडक

कर्णाली करिडोरको कुल लम्बाई २६९ किलोमिटरमध्ये आ.व.२०७९/८० असारसम्म २६३.५० किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएकोमा आ.व.२०८०/८१ असारसम्म ४.७ किलोमिटर थप भई २६८.२० किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट, बाजुरा र हुम्ला पर्दछन् । कालिकोट जिल्लाको खुलालुदेखि सिमिकोट हुँदै हिल्सासम्म पक्की सडक निर्माण गरी हुम्ला जिल्लालाई सडक संजालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुर्‍याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने अनुमान गरिएको छ। आ.व.२०७९/८० शुरु भएको आयोजना आ.व. २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ ।

### ६.२.३ मदन भण्डारी राजमार्ग आयोजना

झापाको बाहुनडाँगी देखि डडेल्धुराको रुपाल सम्म पुर्व-पश्चिम राजमार्गको समानान्तर हुने गरी जम्मा १३९० कि.मि. सडक २ लेनमा निर्माण तथा स्तरोन्नति गर्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०२/०६ को निर्णय बमोजिम चुरे तथा भित्रि मधेसका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने विभिन्न स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्ने गरी रेखांकन गरिएको छ। मदन भण्डारी राजमार्ग योजना कार्यालय सुर्खेतको कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु क्रमशः सुर्खेत, सल्यान, रोल्पा, र प्यूठान पर्दछ । राजमार्गको रेखांकनः माडीचौर (रोल्पा)- घर्तिगाउँ-पाथीहाल्ला-बागचौर-श्रीनगर-खलंगा-कुपिन्डे-बालुवासंग्रहि-बोटेचौर-भेडावारी-धुलियाबिट-बांगेसिमल-बड्डीचौर-खम्बागाडे-बिद्यापुर-गुटु-मायाताल-लगाम-कर्णाली बेनीघाट रहेको छ। आ.व. २०८०/०८१ असारसम्म १३ कि.मि. सडक कालोपत्रे र ९ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ। आ.व. २०७५/७६ मा सुरु भई आ.व. २०८१/०८२ सम्ममा सम्पन्न हुने यस आयोजनाको अवधि रहेकोमा संशोधन प्रस्ताव अनुसार आ.व. २०८४/८५ सम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजना समयमै सम्पन्न भए कर्णाली प्रदेश लगायत सबै प्रदेशका पर्यटकीय एवम् धार्मिक स्थलहरुमा ब्यापारिक तथा पर्यटकीय आवागमनमा वृद्धि, स्थानीय स्तरमा रोजगारी वृद्धि, कृषि उत्पादन

बढ्ने, उत्पादनले बजार पाउने, ढुवानी र यातायातमा सहज भई जीवनस्तरमा सुधार आई आर्थिक स्थितिमा सुधार हुने अपेक्षा गरिएको छ ।

### ६.२.४ भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

नेपालमा सिँचाई विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको रुपमा आ.व. २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा यो आयोजना स्थापना गरिएको थियो । सक्षम र सुदृढ सार्वजनिक क्षेत्रको माध्यमबाट आधुनिक Tunnel Boring Machine (TBM) प्रविधिको सफल प्रयोग मार्फत अन्तर जलाधार जलस्थानान्तरण तथा बहुउद्देश्यीय जलस्रोत आयोजनाहरुको विकास गरी जलविद्युत उत्पानको साथै कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी समग्र देशको सामाजिक तथा दिगो आर्थिक विकासमा ठुलो योगदान हासिल गर्ने लक्ष्य रहेको छ । बाँके र बर्दिया जिल्लको ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउन भेरी नदीबाट ४० क्यूसेक पानी बबई नदिमा लगिने र ४६.८ मे.वा. जलविद्युत् उत्पादन तथा आयोजना प्रभावित क्षेत्रमा विभिन्न पूर्वधार निर्माण सम्बन्धी कार्यक्रमहरु संचालन गरी आयोजना क्षेत्रको बासिन्दाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नतीमा वृद्धि गर्ने उद्देश्य रहेको छ । यस निर्माणाधिन आयोजनाले ५०० जना स्वदेशी र १० जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।



*स्रोत: भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना, सुर्खेत ।*

आयोजनाको कुल लागत रु.३३ अर्ब १९ करोड ६६ लाख रहेको छ । आ.व. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि अध्यावधिक खरिद गुरु योजना अनुसार आ.व. २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको शुरु अवधिदेखि हालसम्मको समष्टिगत भौतिक प्रगति ६५.८० प्रतिशत र वित्तीय प्रगति ४९.७० प्रतिशत रहेको छ ।

## ६.३ विद्युत्

समीक्षा वर्षमा यस प्रदेशमा विद्युत् प्रसारण लाईन २४१६.६७ कि.मि पुगेको छ । गत वर्ष विद्युत् प्रसारण लाईन २१६४.०३ पुगेको थियो । आ.व. २०८०/८१ सम्म यस प्रदेशमा १७.४१ मे.वा. विद्युत् उत्पादन भएको छ भने गत वर्ष १९.९६ मे.वा. उत्पादन भएको थियो । समीक्षा वर्षमा उत्पादन घट्नुमा बाढी र पहिरा रहेको प्रमुख कारण रहेको छ (तालिका ६.३) ।

### तालिका ६.३: कुल विद्युत उत्पादन तथा प्रसारण लाईन

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्युत प्रसारण लाईन (किलोमिटर) | १७८८.८३ | २१६४.०३ | २४१६.४७ | २०.९७ | ११.६७ |
| जलविद्यत उत्पादन (गीगावाट आवर) | १९.४५ | १९.९६ | १७.४१ | २.६० | -१२.७६ |

*स्रोतः जलश्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश तथा नेपाल विद्युत् प्राधिकरण*

यस प्रदेशमा हालसम्म कुनैपनि ठूला जलविद्युत् आयोजनाहरु सञ्चालनमा नरहेतापनि दैलेख जिल्लामा हाल २.१५ मेगावाट क्षमताको माथिल्लो पराजुली खोला, ४.२ मेगावाट क्षमताको लोहोरे खोला आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । त्यस्तै कालिकोट जिल्लामा १६ मेगावाट क्षमताको रुरुबन्चु खोला (पहिलो), १२ मेगावाट क्षमताको रुरुबन्चु खोला (दोश्रो), ४४० मेगावाट क्षमतको तिला (पहिलो), ४२० मेगावाट क्षमताको तिला (दोश्रो) जलविद्युत् आयोजनाको निर्माण कार्य भईरहेको छ । त्यसैगरी, खत्याड खोला जलविद्युत् आयोजना (०.५० मे.वा.) मुगु, सिमरुतु खोला जलविद्युत् आयोजना (०.२० मे.वा.) रुकुम पश्चिम, सानी भेरी जलविद्युत् आयोजना (०.३० मे.वा.) रुकुम पश्चिम, आँखे खोला जलविद्युत् आयोजना (०.७५ मे.वा.) डोल्पा, चुकेनी खोला जलविद्युत् आयोजना (०.९९ मे.वा.) जुम्ला, जल्दी गाड जलविद्युत् आयोजना (२१ मे.वा.) रुकुम पश्चिम, स्यार्पु जलविद्युत् आयोजना (३.३ मे.वा.) रुकुम पश्चिम, सौर्य ऊर्जा आयोजना (०.९९ मे.वा.) जुम्ला, सौर्य ऊर्जा आयोजना (०.३० मे.वा.) मुगु, सौर्य ऊर्जा आयोजना (०.६२ मे.वा.) डोल्पा र सौर्य ऊर्जा आयोजना (१ मे.वा.) हुम्लामा गरी जम्मा १७ ओटा लघु आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

## ६.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### क) पूर्वाधार क्षेत्रको चुनौती

- कणाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।
- विद्युत् आयोजनाहरुमा लगानी आकर्षित गर्नु र अध्ययन तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु ।
- लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु ।
- हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु ।
- प्रदेशभित्र सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजनाहरु समयमा सम्पन्न गर्नु ।
- भौगोलिक रुपमा अति विकट यस प्रदेशमा प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माण कार्य ढिलाई हुनुको साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु ।

### ख) पूर्वाधार क्षेत्रको सम्भावना

- दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठूलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।
- सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको ।
- यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको ।
- कर्णाली तथा भेरी जस्ता ठूला नदी रहेको यस प्रदेशमा जलयातायातको सम्भावना रहेको ।

## ६.५ रोजगारी

### क) वैदेशिक रोजगारी

समीक्षा वर्षमा वैदेशिक रोजगार विभागबाट कुल ७,४१,२९७ जनालाई वैदशिक रोजगारीको लागि श्रम स्वीकृति (पुन:श्रम स्वीकृति समेत) प्रदान गरिएको छ (तालिका ६.४) ।

**तालिका ६.४: वैदेशिक रोजगारीको विवरण**
**(आर्थिक वर्ष २०८०/८१)**

| S.N. | Skill Type | Approved No. of Men | Approved No. Women | Total |
|---|---|---|---|---|
| १ | High skilled | ५३७ | १९५ | ७३२ |
| २ | Professional | २,४०७ | ३६५ | २,७७२ |
| ३ | Semi Skilled | ५३,४५७ | ६,६६६ | ६०,१२३ |
| ४ | Skilled | ४,८१,८७० | ५०,५५३ | ५,३२,१२३ |
| ५ | Unskilled | १,२२,८५४ | २२,६९३ | १,४५,५४७ |
| | **Grand Total** | **६,६१,१२५** | **८०,१७२** | **७,४१,२९७** |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय्*

गत वर्ष यस्तो स्वीकृति जम्मा ७,७१,३२७ जनालाई प्रदान गरिएको थियो । समीक्षा वर्षमा वैदेशिक रोजगारीको लागि स्वकिृति प्रदान गरिएकोमा कर्णाली प्रदेशको हिस्सा ३.२६ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने श्रमिकहरु मध्ये अधिकांश पुन:श्रम स्वीकृति लिने गरेका छन् भने केहीले वैदेशिक रोजगारीबाट सिकेको सीपलाई स्वदेशमा उपयोग गरी स्वरोजगार कार्यमा संलग्न रहेको पाइन्छ । स्वदेशमा रोजगारीका पर्याप्त अवसर नहुनाले वर्षेनि भरपर्दो आयआर्जनको खोजीको शिलशिलामा विदेशिने नेपालीहरुको सङ्ख्या बढ्दो क्रममा रहेको छ । समीक्षा

वर्षमा कर्णाली प्रदेशबाट नयाँ श्रम स्वीकृत लिई वैदेशिक रोजगारमा गएका संख्या १८,६७० रहेको छ भने पुन श्रम स्वीकृत सहित २४,१७५ रहेको छ (तालिका ६.५)।

### तालिका ६.५: जिल्लागत वैदेशिक रोजगारीको विवरण

(आर्थिक वर्ष २०८०/८१)

| जिल्ला | Recruting Agency | Individual New | G to G | Individual-ReEntry | Total with ReEntry | Total without ReEntry |
|---|---|---|---|---|---|---|
| दैलेख | २,००७ | ४३० | ८७ | ७०६ | ३,२३० | २,५२४ |
| डोल्पा | ३४९ | ८६ | १३ | ६४ | ५१२ | ४४८ |
| हुम्ला | ४०६ | ९५ | ४ | ५६ | ५६१ | ५०५ |
| जाजरकोट | १,७७२ | २०० | २६ | ३९८ | २,३९६ | १,९९८ |
| जुम्ला | ६७१ | १४५ | ७ | १३३ | ९५६ | ८२३ |
| कालिकोट | ६०७ | ११२ | ३८ | १३८ | ८९५ | ७५७ |
| मुगु | ३९७ | ८३ | ९ | ४८ | ५३७ | ४८९ |
| रुकुम पश्चिम | १,६९७ | २८० | ५४ | ६१० | २,६४१ | २,०३१ |
| सल्यान | ४,५५३ | ५३५ | ४५ | १९२० | ७,०५३ | ५,१३३ |
| सुर्खेत | ३,१७५ | ६१९ | १६८ | १४३२ | ५,३९४ | ३,९६२ |
| **कुल** | १५,६३४ | २५८५ | ४५१ | ५५०५ | २४,१७५ | १८,६७० |

*स्रोत :श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

## ख) आन्तरिक रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को प्रतिवेदन अनुसार कर्णाली प्रदेशको गरिबीको दर २६.६९ प्रतिशत रहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/०७६ को प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा बेरोजगारी दर ९.७ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय (उमेर १० वर्ष वा सो भन्दा माथि) जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ।

### तालिका ६.६: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण

(आर्थिक वर्ष २०८०/८१)

| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको सङ्ख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना सङ्ख्या | रोजगारीमा खटिएका सङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | १७,७३४ | ५३,७६८ | १२१ | ५९७ |
| सल्यान | ३८,८०४ | ८७,०६९ | ११५ | ९५८ |
| डोल्पा | ९,७५९ | ९७,५६७ | ८८ | १,२३३ |
| जुम्ला | १३,०३३ | ६५,३९० | ७५ | ९३५ |
| मुगु | ५,७९८ | २९,५१० | ४४ | ४५५ |
| हुम्ला | १३,६६७ | ६६,८६९ | ७२ | ८३४ |
| कालिकोट | ३०,०४६ | १,०३,२१२ | ९४ | १,७६३ |
| जाजरकोट | २८,४९२ | ६१,५७१ | १४९ | ६६० |
| दैलेख | ३४,०२८ | ९४,६५४ | १५५ | १,०६१ |
| सुर्खेत | १९,३०३ | ६२,४८१ | ११६ | ६८५ |
| **जम्मा** | २१०,६६४ | ७,२२,०९६ | १,०२९ | ९,१८१ |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, सिहंदरबार*

समीक्षा वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कर्णाली प्रदेशमा ९,१८१ जना लाभान्वित भएका छन्। रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी कालिकोट जिल्लामा १,७६३ जना लाभान्वित भएका छन् भने सबैभन्दा कम मुगु

जिल्लामा ४५५ लाभान्वित भएका छन् । समीक्षा वर्षमा यस प्रदेशमा सूचीकृत बेरोजगार व्यक्तिको संख्या २१०,६६४ रहेको छन् भने कुल आयोजना संख्या १,०२९ रहेको छन् (तालिका ६.६) ।

## ६.६ रोजगारीको चुनौती र सम्भावना

### क) रोजगारीको चुनौती

- वैदेशिक रोजगारीमा हुन सक्ने जोखिमहरु न्यूनिकरण गर्दै यसबाट प्राप्त पुँजी, सीप, प्रविधि र अनुभवको उत्पादनमुलक क्षेत्रमा लगानी गरी उच्चतम प्रतिफल हासिल गर्नु ।
- दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्नु, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सीप, दक्षता र अनुभवको उच्चतम परिचालन गर्नु र सबैका लागि मर्यादित कामको अवसरको सुनिश्चतता गर्नु ।
- खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र बिस्तार गरी उच्च रोजगारी सिर्जना गर्नु ।
- यस प्रदेशबाट भारत लगायत अन्य बैदेशिक रोजगारीको लागि जानेको संख्या ठूलो मात्रामा रहेको छ । उक्त जनसंख्यालाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेशिनबाट रोक्नु ।
- कर्णाली प्रदेशको प्रमुख समस्याको रुपमा रहेको गरिबी न्यूनिकरणका लागि संघ, प्रदेश र स्थानीय तिनै तहको समन्वयमा रोजगारी सिर्जना गरी आर्थिक असमानता घटाउँदै सामाजिक न्याय कायम गर्नु ।

### ख) रोजगारीको सम्भावना

- गरिबी निवारण र रोजगारी सिर्जना कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेकोले सरकारका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत् आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा रहेका रारा, शे-फोक्सुण्डो, कुपिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेबिहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी ज्वाला क्षेत्र, दुल्लु लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपले महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन गरी प्रर्याप्त मात्रामा आय तथा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ ।
- नेपालमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६५.४९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा आर्थिक रुपले सक्रिय जनसङ्ख्या ७१.६५ प्रतिशत रहेको छ जसले गर्दा कृषि क्षेत्रमा रहेको अनुउत्पादक श्रमशक्तिलाई उद्योग, पर्यटन, सेवा क्षेत्रमा स्थानान्तरण गरी अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।
- यस प्रदेशमा कृषि तथा जडीबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रादेशिक सरकारी वित्त

समीक्षा वर्षमा कुल खर्च मध्ये चालु तर्फ रु.९ अर्ब १७ करोड ५१ लाख ३१ हजार र पुँजीगत तर्फ रु.१० अर्ब ६९ करोड ३० लाख ८७ हजार खर्च भएको छ । जुन विनियोजित बजेटको क्रमशः ६६.४७ र ५४.६२ प्रतिशत रहेको छ । समग्रमा समीक्षा वर्षमा कर्णाली प्रदेश सरकारको खर्च ५९.५२ प्रतिशत रहेको छ (तालिका ७.१) ।

### तालिका ७.१: समीक्षा वर्षको खर्च तथा प्राप्तिको स्थिति

(रु. हजारमा)

| खर्च शीर्षक | विनियोजन | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०७९/८० |
| चालु | १,३१,२०,१३९ | १,३८,०२,४६४ | ९४,९०,३२६ | ९१,७५,१३१ | ७२.३३ | ६६.४७ |
| पुँजीगत | १,९४,९६,०२४ | १,९५,७७,२४३ | १,२७,७६,५४७ | १,०६,९३,०८७ | ६५.५३ | ५४.६२ |
| **जम्मा** | **३,२६,१६,१६३** | **३,३३,७९,७०७** | **२,२२,६६,८७३** | **१,९८,६८,२१६** | **६८.२७** | **५९.५२** |
| **खर्च व्यहोर्ने स्रोत** | | | | | | |
| आन्तकि राजस्व | **७,१२,९७४** | **८,३४,४६५** | **५,७१,७००** | **७,२५,३७५** | **८०.१९** | **८६.९३** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश ।*

समीक्षा वर्षमा आन्तरिक राजस्व तर्फ कुल रु.८३ करोड ४४ लाख ६५ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु.७२ करोड ५३ लाख ७५ हजार प्राप्त भएको छ । जुन वार्षिक अनुमानको ८६.९३ प्रतिशत रहेको छ । गत वर्ष यस्तो हिस्सा ८०.१९ प्रतिशत रहेको थियो ।

## ७.२ प्रादेशिक प्रस्तावित बजेट आर्थिक वर्ष २०८१/८२

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेट मुलत गरिबी, बेरोजगारी, न्यून उत्पादन र उत्पादकत्व, कमजोर र अपर्याप्त पूर्वाधार, परनिर्भरता र पछौटेपन जस्ता दुष्चक्रलाई दिगो रुपमा तोड्न सघाउ पुग्ने गरी बजेट तथा कार्यक्रमहरु निर्माण गरेको छ । त्यसैगरी सङ्घीय सरकार, स्थानिय तह र निजी क्षेत्र समेतको सहयोग र सहभागितामा कर्णाली प्रदेशको आर्थिक क्रियाकलाप तथा व्यावसायिक गतिविधिहरुमा विस्तार गरी प्रदेशको अर्थतन्त्रलाई चलायमान गराइ समग्र प्रदेशको विकास र समृद्धिमा टेवा पुऱ्याउने अवधारणबाट बजेट निर्माण गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को बजेटमा **सात उद्देश्य, सात प्राथकिकता र सात प्रमुख रणनीतिक क्षेत्र** रहेको छ । **बजेटका सात उद्देश्यहरु क्रमशः (क)** तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरी प्रदेशको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमार्फत आर्थिक वृद्धि गर्नु, **(ख)** तहगत सरकारबिचको सहकार्य एवम् निजि क्षेत्र समेतको सहभागितामा प्रदेशको अर्थतन्त्रको विकास र विस्तार गर्नु, **(ग)** साधन स्रोतको सन्तुलित र समन्यायिक तवरले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनिकरणमा जोड दिनु, **(घ)** सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण तथा वितरणात्मक न्यायमार्फत् सामाजिक न्याय कायम गर्नु, **(ङ)** शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा प्रदेशवासीको समान, सरल र सुलभ पहुँच स्थापित गर्नु, **(च)** दिगो, गुणस्तरीय र वातावरणमैत्री भौतिक पूवाधारको विकास गर्नु, **(छ)** प्रदेश  सरकारबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी तुल्याउनु ।

**बजेटका सात प्राथमिकताहरु क्रमशः (क)** शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास, **(ख)** स्वस्थ, सक्षम र संस्कारयुक्त मानव संशाधन विकास, **(ग)** उत्पादनशील र रोजगारमूलक क्षेत्रको विकास, **(घ)** तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान, विकास र उपयोग, **(ङ)** उपयोगी, लाभदायक र प्रतिफलयुक्त क्षेत्रमा सरकारी लगानी प्रवाह, **(च)** संस्थागत सुशासन कायम र सेवा प्रवाहमा सुधार, **(छ)** कृषि, वन, उद्योग, पर्यटन र सूचना प्रविधिको विकास गरी रोजगारी सिर्जना ।

**बजेटका प्रमुख सात रणनीतिक क्षेत्र क्रमशः (क)** पुँजीगत खर्चमा गुणात्मक अभिवृद्धि, सार्वजनिक खर्चमा मितव्ययिता र कार्यदक्षता बढाइ उपलब्धि र प्रतिफलसँग आबद्ध गर्ने, **(ख)** प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी तुल्याउने, **(ग)** नवप्रवर्तन र उद्यमशीलता विकासमा जोड दिने, **(घ)** सम्भाव्य आन्तरिक स्रोतको पहिचान, प्रक्षेपण र परिचालन बढाउने, **(ङ)** स्रोत साधनको विनियोजनमा कुशलता र कार्यन्वयनमा दक्षता कायम गर्दै मुद्राको मूल्य सुनिश्चित गर्ने, **(च)** अनावश्यक र फजुल खर्च माथि कडाइका साथ नियन्त्रण गर्ने, **(छ)** प्रशासनिक संयन्त्रलाई नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने । बजेटमा उल्लिखित उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले रु.३१ अर्ब ४१ करोड ४१ हजारको बजेट पेश गरेको छ (तालिका ७.३) ।

### तालिका ७.२: आर्थिक वर्ष २०८१/८२ को बजेट स्थिति

(रकम रु.)

| विवरण | रकम रु. |
|---|---|
| **कुल खर्च** | **३१ अर्ब ४१ करोड ४१ हजार** |
| चालु खर्च | ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार (२४.१२ प्रतिशत) |
| पुँजीगत खर्च | १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार (५९.७ प्रतिशत) |
| वित्तीय व्यवस्था | २५ करोड (०.८० प्रतिशत) |
| स्थानिय तहमा वित्तीय हस्तान्तरण | ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार (१५.३८ प्रतिशत) |
| **खर्च व्यहोर्ने शिर्षक** | |
| राजस्व | ८३ करोड ४४ लाख ६५ हजार |
| आर्थिक वर्ष २०८०/८१ को खर्च नभई बचत | ५ अर्ब १३ करोड ८१ लाख २६ हजार |
| सङ्घीय सरकारबाट राजस्व बाँडबाँट | ९ अर्ब ३८ करोड ५३ लाख |
| वित्तीय समानीकरण अनुदानबाट | १० अर्ब ३६ करोड ६३ लाख |
| ससर्त अनुदानबाट | ३ अर्ब ७१ करोड ५० लाख |
| समपूरक अनुदानबाट | १ अर्ब २८ करोड ५० लाख |
| विशेष अनुदानबाट | ६७ करोड २५ लाख |
| अन्य वैदेशिक सहायताबाट (ससर्त अनुदानमा बाहेक) | १ करोड ३३ लाख ५० हजार |

*स्रोत: आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य, कर्णाली प्रदेश सरकार*

### ७.३ स्थानीय सरकारको वित्तीय स्थिति विश्लेषण

प्रदेशमा रहेका १० जिल्लाबाट जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका १० वटा स्थानिय तहहरु छनोट गरी अध्ययन गरिएको छ (तालिका ७.३) ।

- समीक्षा वर्षमा गत बर्षको तुलनामा चालु खर्च २.४३ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च ४.४० प्रतिशतले ह्रास आएको छ। पुँजीगत खर्च घट्नुमा बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजनाबद्ध रुपमा प्राथमिकताप्राप्त कार्यक्रमहरु छनोट नभई विभिन्न स-साना कार्यक्रममा बजेट विनियोजन हुने प्रवृत्तिले कार्यचाप बढ्न गइ तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नु रहेको छ।
- समीक्षा वर्षमा गत वर्षको तुलनामा राजस्व संकलन १.४८ प्रतिशतले वृद्धि भएको छ भने गैर कर राजस्व १३.६५ प्रतिशतले वृद्धि भएको छ।
- त्यसैगरी, अन्य प्राप्तिमा ९.७३ प्रतिशतले ह्रस आएको छ।

### तालिका ७.३: समीक्षा वर्षमा खर्च र राजस्व प्राप्तिको स्थिति

| शीर्षक | उप-शीर्षक | आ.व. २०७९/८० (साउन - असार) | आ.व. २०८०/८१ (साउन - असार) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खर्च | चालु खर्च | ३७२.२० | ३८१.२६ | २.४३ |
| | पूँजीगत खर्च | १७१.६७ | १६४.११ | - ४.४० |
| राजस्व | कर राजश्व | १७.८८ | १८.१५ | १.४८ |
| | गैर कर राजश्व | २.७८ | ३.१६ | १३.६५ |
| | अन्य | १०.४९ | ९.४७ | - ९.७३ |

*स्रोत: विभिन्न स्थानिय तहहरु*

# परिच्छेद ८

# आर्थिक परिदृष्य

आर्थिक वर्ष २०८०/८१ मा अर्थतन्त्रको यथार्थ अवस्था सचित्रण गर्ने क्षेत्रहरु अन्तर्गत कृषि र सेवा क्षेत्र चलायमान भएकोमा उद्योग र पूर्वाधार लगायतका क्षेत्रहरुमा केही शिथिलता रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा आर्थिक क्रियाकलापहरु विस्तारै चलायमान हुन थालेकोले आगामी आर्थिक वर्ष समग्र आर्थिक परिदृष्यमा यस प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा क्रमिक सुधार हुने देखिन्छ।

## ८.१ कृषि उत्पादन

- कृषि क्षेत्रको विकासका लागि "संघ, प्रदेश र स्थानीय तह कृषि क्षेत्र समन्वय सम्बन्धी कार्य प्रक्रिया, २०८०" कार्यान्वयनमा रहनु, कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बीउबिजन, रैथाने बाली, पशु नश्ल र कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धन कार्यक्रमहरु सञ्चालनमा रहनु, कृषि उत्पादनको बजार सुनिश्चतताका लागि बाली लगाउनु पूर्व सरकारले न्यूनतम समर्थन मूल्य तोक्नु जस्ता प्रावधानहरुले गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा कृषि क्षेत्र (कृषि, वन र मत्स्यपालन) को उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।
- अघिल्लो आर्थिक वर्षमा कृषि बाली र पशुपन्छी तथा मत्स्य बीमातर्फ बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान प्रदान गरिने व्यवस्था गरिएकोमा आर्थिक वर्ष २०८०/८१ मा उक्त अनुदान ८० पुऱ्याईएको, कर्णाली प्रदेश सरकारबाट दुध संकलन तथा व्यवसायिक फर्महरुको सञ्चालन, सरकारले कृषि बाली तथा पशु बीमाको प्रिमियममा प्रदान गरेको अनुदान, बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आइरहेको सहुलियपूर्ण कर्जा तथा दुध उत्पादन गरी संस्थागत बिक्री गर्ने कृषकहरुलाई दुध उत्पादनमा अनुदानको व्यवस्थाका कारणले दुध उत्पादन आगामी वर्षमा वृद्धि हुने प्रक्षेपण गरिएको छ।
- प्रदेशबाट एक स्थानीय तहमा ३ माछापालनसँग सम्बन्धित परियोजना लागु हुने भएको हुँदा माछा पोखरी निर्माण भई माछा पालन वृद्धि हुने अनुमान गर्न सकिन्छ। कृषि अनुदान, पकेट क्षेत्र निर्माण, विस्तार तथा बजारीकरण आदि सुविधा ग्रामीण क्षेत्रमा पनि बिस्तार हुँदै गएकोले आगामी वर्षमा पशुपंछी, माछा तथा नगदेबालीको उत्पादन बढ्ने देखिन्छ।
- जिल्लास्थित डिभिजन वन कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएको हुँदा सामुदायिक वन तथा राष्ट्रिय वनहरुमा कटान कार्य हुने साथै विभिन्न आयोजनाहरुले वन क्षेत्रको जग्गाको भोगाधिकार लिई निर्माण कार्यहरु शुरु गर्दा आगामी वर्षमा वनजन्य उत्पादनमा वृद्धि हुन सक्ने अनुमान गर्न सकिन्छ।

## ८.२ औद्योगिक उत्पादन

- वस्तु तथा सेवाको समग्र मागमा कमी आएको कारण उत्पादनमूलक उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको र राष्ट्रिय रुपमा नै अर्थतन्त्रमा उल्लेख्य सुधार आउन नसकेको अवस्थामा कर्णाली प्रदेशस्थित

उद्योगहरुको उत्पादनमा समेत संकुचन देखापर्ने अनुमानका आधारमा आगामी वर्षमा औद्योगिक उत्पादनमा अपेक्षित रुपमा वृद्धि हुन नसक्ने देखिन्छ ।

- चालु आर्थिक वर्षमा उद्योग क्षेत्रको वार्षिक वृद्धि दर १.३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्षमा यस्तो वृद्धि दर १.४ प्रतिशत रहेको छ । यस परिप्रेक्ष्यमा आगामी आर्थिक वर्षमा समग्र औद्योगिक उत्पादन न्यून रहने देखिन्छ ।
- कर्णाली प्रदेशमा औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको अभाव, लगानी मैत्री वातारणको कमी, दक्ष जनशक्ति, कच्चा पदार्थको अभाव तथा विकट भौगोलिक बनावट जस्ता प्रमुख अवरोधहरुले स्थापित उद्योगहरुको संख्या न्यून रहेको छ त्यसैगरी सञ्चालित उद्योगहरु पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकेको देखिदैन जसका कारण समग्र औद्योगिक उत्पादन न्यून रहने देखिन्छ ।
- औद्योगिक विकासका लागि वित्तीय स्रोतको अभाव, आन्तरिक मागको कमी, वित्तीय स्रोतको उपयोगमा कमी साथ-साथै आन्तरिक स्रोतको प्रभावकारी परिचालन हुन नसक्नु जस्ता कारणहरुले निर्माण कार्यमा देखिएको शिथिलता जस्ता विविध कारणहरु रहेकाले आगामी वर्षमा औद्योगिक क्षेत्रको संकुचन हुन गई समग्र औद्योगिक उत्पादनमा कमी आउने अनुमान गर्न सकिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा वर्षको सुरुवाती चरणबाट नै पर्यटन क्षेत्र सुधारोन्मुख देखिएको तथा पर्यटकस्तरीय होटलहरुको निर्माण तथा सञ्चालन, नयाँ-नयाँ पर्यटन क्षेत्रको पहिचान हुँदै गएकाले होटल तथा पर्यटन क्षेत्रको वृद्धिमा सकारात्मक प्रभाव हुने अनुमान छ ।
- समीक्षा वर्षमा वित्तीय सेवा, शिक्षा, यातायात तथा सञ्चारमा देखापरेका समस्या बिस्तारै समाधान हुँदै गएकाले आगामी अवधिमा यस प्रदेशको सेवा क्षेत्रमा सकारात्मक सुधारको अपेक्षा गरिएको छ ।
- ग्रामीण क्षेत्रमा टेलिफोन, मोबाईल सुविधाका लागि टावरहरुको जडान तथा ईन्टरनेट सुविधाका लागि पूर्वाधार निर्माण द्रुतगतिमा अघि बढेकाले सञ्चार क्षेत्रमा सुधार हुने देखिन्छ ।
- ग्रामीण क्षेत्रमा विद्यालय स्थापना, वैकल्पिक तथा प्रयोगात्मक पाठ्यक्रमको आधारमा पठनपाठन थालनी हुँदै गएकाले आगामी वर्षमा विद्यार्थी संख्यामा सुधार आउने अनुमान गर्न सकिन्छ ।
- कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखा बिस्तार भैसकेको साथै सहुलियतपूर्ण कर्जा, कृषि कर्जा, विपन्नवर्ग कर्जा, प्राथमिकताका आधारमा कर्जा लगायतका वित्तीय सेवाको विस्तार बढेकाले आम जनसमुदायमा वित्तीय साक्षरता र वित्तीय पहुँचको वृद्धि हुन गई बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तार हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- देश संघीय संरचनामा गएसंगै संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासमा यस प्रदेशमा सडक तथा विद्युत् विस्तार सुचारु हुने देखिन्छ ।

- प्रदेश तथा स्थानीय तहको अग्रसरतामा कर्णाली प्रदेशको कच्ची तथा कालोपत्रे सडकको हिस्सामा वृद्धि हुने देखिन्छ ।
- प्रदेशमा निर्माणाधीन कर्णाली कोरिडोर, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, मदन भण्डारी राजमार्ग आयोजना, मथिल्लो कर्णाली, भेरी बबई डाईभर्सन जस्ता राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण कार्यले गति लिइरहेको र अझै लिने देखिन्छ ।
- प्रदेशमा १३२ के.भी प्रसारण लाईन जोडिने क्रममा रहेको, १७.४१ मेगावाट विद्युत् उत्पादन भईसकेको, प्राविधिक तथा आर्थिक हिसाबले निर्माण गर्न सकिने लगभग २०,००० मेगावाट क्षमताका जलविद्युत् आयोजनाहरु मध्ये समग्रमा कर्णाली प्रदेशमा हाल १०,००० मेगावाटका साना ठुला गरि ७० वटा आयोजनाहरु विभिन्न चरणमा रहेकाले यी आयोजनाहरु समयमै सम्पन्न गर्न सकेको खण्डमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।